# नक्कली देवता



भिक्षु अश्वघोष

Downloaded from http://dhamma.digital

# नक्कली देवता

Dhamma.Digital

**भिक्षु अश्वघोष**
श्रीघः विहार
नघल, काठमाडौं ।

Downloaded from http://dhamma.digital

प्रकाशक

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

धर्मकीर्ति विहार

श्रीघः, नघलटोल ।

फोन : ४२२०४६६

बुद्ध सं. : २५४७

ने. सं. : ११२४

वि. सं. : २०६०

इ. सं. : २००४

प्रथमावृत्ति : १७०० प्रति

मुद्रक

**हिसि अफसेट प्रिन्टर्स**

सेतोढोका मार्ग, जमल, काठमाडौं ।

फोन : ४२२६४१६


Downloaded from http://dhamma.digital

**जन्म**

ने.सं. १०४३, गुँला
पञ्चदान चतुर्दशी

**दिवंगत**

ने.सं. १०७५
फागुन चौथी



दिवंगत दानमान तुलाधर

Dhamma.Digital

# धर्मदान

'सबै दानलाई धर्मदानले जित्छ' भन्ने बुद्ध वचनअनुसार यो पुस्तक धर्मदान गरेको सुफलले दिवंगत दानमान तुलाधर निर्वाणपदमा परोस् भन्ने कामना गर्ने–

धर्मपत्नी - हीरादेवी तुलाधर
छोरी - सुवर्णकेशरी
नाति-नातिनी - निभा, मिडीना र लचना

Downloaded from http://dhamma.digital

# मेरो भनाइ

उपासिका हेरादेवी तुलाधर मकहाँ आउनुभई उहाँका श्रीमान् दिवंगत दानमान तुलाधरको नाममा उपयोगी र ज्ञानवर्द्धक पुस्तक छापी दान दिने इच्छा प्रकट गर्नुभएको थियो। उहाँको यो राम्रो विचारलाई स्वीकार गर्दै पुस्तक लेखिदिने वचन दिएँ। मैले बुझेअनुसार मानिसलाई असल बनाउन सक्ने ज्ञानलाई नै ज्ञान भनिन्छ। बुद्धले प्रचार गर्नुभएको शिक्षा पनि त्यही हो। लेख्न शुरु गरें। कलम नचलाएको धेरै दिन भएकोले होला लेख्दालेख्दै गर्दन दुख्ने र कम्मर दुख्ने हुन थाल्यो। दुई तिहाइ जति नौलो लेख लेखिदिएँ। एक तिहाइ चाहिँ पहिले-पहिले लेखिएका र अरू अखबार एवं पत्रपत्रिकाहरूमा छापिसकेका लेखहरूलाई यसमा समावेश गरिदिएँ। सान्दर्भिक भएका लेखहरू द्वितीय र तृतीय संस्करणको रूपमा छापिने गर्छन्।

यसभित्र नक्कली देवता नाम गरेको एउटा लेख गाभिएको छ। यो लेख मलाई ज्यादै राम्रो लाग्छ। आजभोलि नक्कली प्रहरी, नक्कली माओवादी, नक्कली डाक्टर र नक्कली भिक्षु तथा साधुहरू विषयमा समय-समयमा चर्चा भइरहेको सुनिन्छ। देवता पनि नक्कली हुँदा रहेछन् भन्ने कुरा सुन्दा अचम्म लाग्छ। यस पुस्तकको नाम पनि **नक्कली देवता** नै राखिदिएँ।


Downloaded from http://dhamma.digital

यस पुस्तकमा संस्कार बदलिएको लेख पनि छ । बुद्धको मुख्य शिक्षा नै मानिसको खराब संस्कार बदलिदिनु हो । संस्कार नबदलिकन मानिस असल मान्छे बन्न सकिन्न । संस्कार बदल्नु भनेको मानिसको नराम्रा बानी व्यवहारहरूलाई परिवर्तन गरी राम्रो पार्नु हो । संस्कार नबदले नयाँ सिसीमा पुरानो रक्सी भनेजस्तै हुनेछ ।

उपासिका हेरादेवी तुलाधर र उहाँकी छोरी सुवर्णकेशरीले यस पुस्तक प्रकाशन गर्नको लागि आवश्यक आर्थिक सहयोग मिलाइदिनुभयो । त्यसैले उहाँहरूको आयु आरोग्यको कामना साथै दिवंगत दानमान तुलाधरको सुगतिको कामना गर्दछु । ज्ञानवर्द्धक पुस्तक छापी धर्मदान गर्ने उहाँहरूको इच्छाले अरूलाई पनि प्रेरणा मिलोस् भन्ने पनि कामना गर्दछु ।

मेरो अधिकांश पाण्डुलिपि वीर्यवती गुरुमाँले भाषा शुद्ध गरिदिनुभएकोमा उहाँप्रति धेरै धेरै कृतज्ञता प्रकट गर्दछु ।

पुस्तक राम्ररी छापिदिनुभएकोले र विहारसम्म प्रूफ ल्याई सहयोग गरिदिनुभएकोमा हिसि अफसेट प्रिन्टर्सलाई धन्यवाद दिन चाहन्छु ।

– भिक्षु अश्वघोष


Downloaded from http://dhamma.digital

# प्रकाशकीय

दिवंगत दानमान तुलाधरको पुण्य स्मृतिमा २०४५ सालमा श्रद्धेय अश्वघोष भन्तेज्यूले लेख्नुभएको 'बुद्ध व शिक्षा' नामको पुस्तक नेपालभाषामा प्रकाशन गर्ने मौका पाएको थियो भने अहिले उहाँले नै लेख्नुभएको 'नक्कली देवता' नाम गरेको पुस्तक धर्मकीर्ति अध्ययन गोष्ठीको १४९ औं र नेपाली भाषामा ७६ औं रूपमा प्रकाशन गर्न पाउँदा मलाई ज्यादै खुशी लागेको छ ।

स्व. दानमान तुलाधरको धर्मपत्नी हेरादेवी, छोरी र नाति-नातिनीहरूले उहाँको निर्वाण कामना गरी यो पुस्तक धर्मदान गर्नुभएको छ। यसैले यस पुण्यले स्व. दानमान तुलाधर उपासकलाई सुगति प्राप्त होस् भन्ने कामना गर्दछु ।

यस पुस्तक धर्मदान दिने दाताहरूलाई साधुवाद छ। श्रद्धेय अश्वघोष भन्तेलाई 'नक्कली देवता' पुस्तक लेख्नुभएकोमा आभार व्यक्त गर्न चाहन्छु। साथै समयमै यस पुस्तक छापिदिनु-भएकोमा हिसि अफसेट प्रिन्टर्स परिवारलाई पनि धन्यवाद दिन चाहन्छु ।

**धम्मवती**

धर्मकीर्ति विहार



Downloaded from http://dhamma.digital

# विषय सूची


| क्रम | विषय | पृष्ठ |
|---|---|---|
| १. | धूप मात्र बालेर के गर्नु ? | १ |
| २. | भगवान बुद्धले जुठो भात खानुभयो | ४ |
| ३. | बुद्ध संस्कृति र महत्त्व | ८ |
| ४. | योग्य देशमा बस्नु मङ्गल हो | १६ |
| ५. | भक्ति मार्ग र ज्ञान मार्ग | २१ |
| ६. | बुद्धको शान्ति सन्देश | २५ |
| ७. | संस्कार बदलियो | २८ |
| ८. | जनप्रिय हुन चाहन्छ भने | ३५ |
| ९. | अज्ञानी वक्कली बोध भयो | ३९ |
| १०. | बुद्धको करुणा | ४५ |
| ११. | बूढो नभएसम्म भलो हुने गुण धर्म | ४९ |
| १२. | राम्रो काम गरेर कर्म थप्न सकिन्छ | ५४ |
| १३. | बुद्ध व्यवहारवादको पक्षपाती हुनुहुन्थ्यो | ६१ |
| १४. | नक्कली देवता | ६६ |
| १५. | बुद्ध र व्यावहारिक धर्म | ६९ |
| १६. | मुदिता चित्त | ७५ |


Downloaded from http://dhamma.digital

# धूप मात्र बालेर के गर्नु ?

प्राचीनकालदेखि नै पुष्प-धूप चढाई मूर्तिको अगाडि हात जोडेर पूजा गर्नुलाई मात्र धर्म मानिदै आएको छ। भिक्षुहरूको नेतृत्वमा आयोजना हुने बौद्ध समारोहमा पञ्चशील (पाँच नियम) भनेको- (क) हिंसा नगर्नु, अरूलाई दुःख नदिनु (ख) चोरी नगर्नु (ग) बलात्कार, भ्रष्टाचार, व्यभिचार नगर्नु (घ) झूट नबोल्नु (ङ) रक्सी-जाँड आदि मादकपदार्थ सेवन नगर्नु।

हिजोआज बुद्धजयन्तीको सुखद् अवसरमा बुद्धको शिक्षा अध्ययन र पालन गर्नेतिर ध्यान नदिई बुद्ध मूर्तिलाई खटमा राखेर बाजागाजका साथ शोभायात्रा गर्ने चलन बसेको छ।

यही प्रसङ्गमा एकजना बौद्धनेता ज्यापु समाजमा गई बाजागाजासहित बुद्धजयन्तीको यात्रामा भाग लिन अनुरोध गरेछ। ज्यापु समाजले भनेछ- तपाईंहरूको पञ्चशील नियममा रक्सी-जाँड खानु हुँदैन भनेर लेखिएको र प्रचार-प्रसार भइरहेको छ। हामी त जाँड-रक्सी नपिईकन बाजा बजाउनै सक्दैनौं। त्यसैले हामी त्यसमा भाग लिन पनि सक्दैनौं।

बौद्धनेताले फेरि भनेछन्– होइन, होइन, पञ्चशीलको



Downloaded from http://dhamma.digital

प्रार्थना गर्नु र प्रचार गर्नु सैद्धान्तिक कुरा मात्र हो । रक्सी अलिअलि खाएर आए पनि हुन्छ । धेरै चाहिँ खानु हुँदैन ।

यस घटनाले के स्पष्ट हुन्छ भने बुद्ध पूर्णिमा (बुद्धजयन्ती) मनाउनु औपचारिकता मात्र हो, कर्तव्यपालन गर्नु र व्यवहार राम्रो पार्नेतिर ध्यान दिनु होइन ।

बुद्धको विचार र शिक्षाअनुसार नियम पालन गरेर मात्र पुग्दैन । आफूले गर्नुपर्ने काम गर्नु र कर्तव्यपालन गर्नु अनिवार्य छ । उदाहरणका लागि बुद्धकालीन एकजना नियम उल्लंघन नगर्ने भिक्षुसँग सम्बन्धित एउटा घटना प्रस्तुत गर्न चाहन्छु ।

एकजना भिक्षु थियो, नियम पालनमा खूब सनक भइरहन्थ्यो । कुनै हालतमा नियम उल्लंघन गर्नु हुँदैन भनेर अड्डी कस्थ्यो । तर, कर्तव्य पालन गर्नतिर भने उसको ध्यान जाँदैनथ्यो । कोठाबाट खाट र बिछ्यौना बाहिर कौशीमा राखेर घाम ताप्ने बानी थियो । तर, बाहिर जाँदाखेरि बिछ्यौना कोठाभित्र राखेर जाने बानी चाहिँ थिएन । पानी पर्दाखेरि बिछ्यौना भिज्छ भन्ने होश थिएन ।

अरू भिक्षुहरूले भन्दथे– "आउसो (साथी) ! तिम्रो यो कस्तो बानी हो ? बिछ्यौना कोठाबाट बाहिर ल्याउँछौ, भित्र राख्दैनौ । यो त कर्तव्य पालन भएन ।"

अनि त्यो नियममा ध्यान दिइरहने भिक्षुको जवाफ थियो– "मैले पाप गरेको छैन; नियम उल्लंघन गरेको छैन ।" धेरैपटक सम्झाउँदा पनि त्यो भिक्षुको अटेरिपन हराएन । अनि भिक्षुहरू



Downloaded from http://dhamma.digital

गौतम बुद्धकहाँ उसको बारे उजुरी गर्न गए ।

गौतम बुद्धले त्यो भिक्षुलाई बोलाएर सोध्नुभयो– "तिमी कोठाभित्रबाट सामान बाहिर ल्याएर फेरि भित्र राख्दैनौ रे, हो ?"

भिक्षुको उत्तर थियो– "हो । तर मैले पाप गरेको छैन र नियम पनि उल्लंघन गरेको छैन । मैले अरूलाई दु:ख दिने काम पनि गरेको छैन ।"

भगवान् बुद्धले भन्नुभयो– "तिमीले सैद्धान्तिक नियम मात्र पालन गर्‍यौ; तर व्यावहारिक कर्तव्य पालन गर्नेतिर भने ध्यान दिएनौ । नियम मात्र पालन गरेर पुग्दैन; शारीरिक परिश्रम र कर्तव्य पालन पनि गर्नुपर्छ । अनि मात्र धर्म हुन्छ, बुझ्यौ ?"

त्यसपछि त्यो भिक्षुले आफ्नो गल्ती महसुस गर्‍यो र कर्तव्य पालन नै धर्म रहेछ । अबदेखि आफूले गर्नुपर्ने कर्तव्य यथासमयमा गर्नेतिर तत्पर हुन्छु भनेर बुद्धको अगाडि नै प्रतीज्ञा गर्‍यो । यस घटनाबाट स्पष्ट हुन्छ– बुद्धको शिक्षाअनुसार मन चोखो र नियम राम्रो पारेर कर्तव्य पालन गर्नु नै धर्म हो । बाहिरी धूप, दीप बाली पूजा-अर्चना गर्नु मात्र सही धर्म होइन ।

☆


Downloaded from http://dhamma.digital

# भगवान् बुद्धले जुठो भात खानुभो

एक महिनाभन्दा बढी भयो, लेख लेख्ने मूडै छैन, फुर्सत पनि छैन, धेरै जनाले सोध्ने प्रश्न हो– हिजोआज पत्रपत्रिकामा किन नलेख्नुभएको ?

आजभोलि समाजमा धेरैजसो अनावश्यक आलोचना, आरोप-प्रत्यारोप प्रशस्त हुन गएको छ । तर आत्मालोचना र मूल्याङ्कन भने नास्ति । त्यसैले लेखेर के नै पो हुन्छ र जस्तो लाग्छ ।

त्यसमाथि हिजोआज एउटा बौद्ध मासिक पत्रिकाको सम्पादन कार्यमा पनि संलग्न छु । फेरि बीचबीचमा काठमाडौं उपत्यकाबाट बाहिर गएको गयै छु । केही महिनाअघि भारतको बुद्धगयामा बौद्ध भिक्षुणीहरूलाई दीक्षा दिने अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालको तर्फबाट भाग लिन गएको थिएँ । ११-१२ दिन त्यहीं बित्यो । लुम्बिनीमा धर्मकीर्ति विहार, काठमाडौंको तर्फबाट बुद्ध प्रमुख महामाया प्रजापति रानीहरूका साथै सिद्धार्थ कुमारको प्रतिमा स्थापना समारोहमा पनि भाग लिन गएँ । त्यसपछि बुटवलमा साप्ताहिक प्रवचन कार्यक्रममा दर्जनौं भिक्षुहरू सहित


Downloaded from http://dhamma.digital

एक हप्ता जति व्यस्त भएँ । लुम्बिनी र बुटवलमा जिल्ला-जिल्लाबाट आउनुभएका मानिसहरूले सोध्नुभयो– "किन लेख लेख्न छाड्नुभयो ?" त्यस्तै प्रश्न पोखरामा पनि सुन्न पाइयो । काठमाडौंमा पनि समारोहहरूमा भाग लिन जाँदा बुद्धिजीवी र साहित्यकारहरूले घचघच्याएपछि लेख्ने जाँगर फेरि पलाउन थालेको छ ।

कतिपय पाठकहरूले सुझाव दिनुभएको छ– लेख लेख्दा बुद्धको जीवनीसित घटनात्मक कथा समावेश भए राम्रो हुन्थ्यो कि ? त्यही सुझाव अनुरूप यो लेख प्रस्तुत छ–

भिक्षु जीवनलाई बाहिरबाट हेर्दा राम्रो, हलुङ्गो र आनन्दमय जस्तो लागे पनि अर्काको भरोसामा बस्नुपर्ने र ब्रह्मचर्य पालन गर्नुपर्ने हुँदा यो त्यति सजिलो जीवन चाहिँ पक्कै होइन । काम नगरीकन अल्छि जीवन बिताउन खोज्नेहरूलाई त ठीक लाग्दो हो । भिक्षुहरू आफ्नो खुट्टामा टेक्न नसक्ने भएकाले अर्काको अगाडि हात फैलाउँदै मागेर बाँच्नुपर्ने हुँदा दाताहरू रिसाउलान् कि भन्दै डराइरहनुपर्ने हुन्छ । दाताहरू रिसाउलान् भन्ने डरले आफूलाई चित्त नबुझ्ने कामहरू पनि गर्नुपर्ने हुन्छ । त्यति मात्र कहाँ हो र ! दाताहरूले जे दियो त्यही खान सक्नुपर्छ । अझ कहिलेकाहीं त भोकै पनि बस्नुपर्ने हुन्छ । त्यसो त स्वयं भगवान् बुद्ध समेत कतिपटक भोकै बस्नुपरेको कुरो पालि साहित्यमा उल्लेख छ । एकपटक उहाँले अर्काको जुठो भात समेत थापेर खानुपरेको घटना यहाँ स्मरणीय छ ।

एक दिनको कुरा हो, गौतम बुद्ध एउटा ब्राह्मण गाउँमा


Downloaded from http://dhamma.digital

भिक्षा माग्न जानुभएको थियो । एकजना ब्राह्मण आफ्नो घरको दैलोतिर पीठ फर्काई भित्तातिर हेरेर भात खाइरहेको थियो । ब्राह्मण बुद्धप्रति श्रद्धावान व्यक्ति रहेछ । तर उसले बुद्ध भिक्षाटनको सिलसिलामा आफ्नै पीठ पछाडि उभिनुभएको थाहा पाएन । उसकी स्वास्नी ब्राह्मणी बज्यै भने बुद्धप्रति घृणा गर्ने खालकी थिइन् । तर उसले चाहिँ बुद्धले भिक्षा माग्दै गरेको देखेकी थिइनन् । ब्राह्मणी बज्यैलाई थाहा थियो- आफ्नो पति ब्राह्मणले बुद्धलाई देख्ने बित्तिकै भिक्षा दान दिनेछ भन्ने कुरो । त्यसैले आफ्नो पतिले बुद्धले भिक्षा मागिरहनुभएको थाहा पाउला भन्ने डरले मुखबाट आवाज ननिकालीकन लाटो भाषाले टाउको हल्लाएर बुद्धलाई भनिन्– "भिक्षा पाउँदैनौ, तिमी गए पनि हुन्छ ।"

भगवान् बुद्ध त ब्राह्मणलाई पर्खेर बस्नुभएको थियो । तसर्थ उहाँले पनि ब्राह्मणी बज्यैलाई लाटो भाषाले आवाज ननिकाली टाउको हल्लाएर इशारा गर्दै भन्नुभयो– "म भिक्षा नलिई जाँदै जान्न ।"

बुद्धको भाषा शैली देखेर ब्राह्मणीलाई हाँसो उठ्यो । हाँसो खप्न नसकेकी हुनाले उनी हाँसिन् । अनायास आफ्नी श्रीमती हाँसेकी देखेर इशारा गर्दै ब्राह्मणले यसको कारण सोधे– "मलाई गिज्याएकी ?"

श्रीमतीले भनिन्– "होइन । बुद्ध तपाईंको पछाडि भिक्षा माग्न उभिइरहनुभएको छ । मैले लाटो भाषामा भिक्षा छैन, गए पनि हुन्छ भनेको त उहाँले पनि लाटो भाषामै म जान्न भनेर


Downloaded from http://dhamma.digital

उत्तर दिनुभयो, त्यसैले हाँसेकी हुँ ।"

ब्राह्मणले पछाडि फर्केर बुद्धलाई आदरपूर्वक वन्दना गर्दै भन्न थाले– "हे भगवान् ! मसँग अरू त दिने कुरा केही छैन, यही जुठो भात आधा लिनु हुन्छ ?"

बुद्धले शान्तपूर्वक अगाडि बढेर भिक्षापात्र थाप्नुभयो र जुठो भात ग्रहण गर्दै भन्नुभयो– "हामी भिक्षुश्रमणहरू अर्काको भरोसामा बाँच्नुपर्ने खालका हौं । अरूले खाना दिएपछि मात्र हाम्रो पेट भरिन्छ । त्यसकारण हामी एक प्रकारका प्रेत पनि हौं । तपाईंले दिनुभएको खाना जुठो भए पनि यो एक श्रद्धाको चिह्न हो ।" त्यसपछि दीर्घायुको कामना गर्दै बुद्ध फर्कनुभयो ।

यो दृश्य देखेपछि ब्राह्मण दम्पती दुवैजना आश्चर्यचकित परे । बुद्ध जस्तो महान् व्यक्तिले पनि जुठो भात दान लिनुभयो भनेर त्यस दिनदेखि ब्राह्मणी बज्यैको मनमा बुद्धप्रति श्रद्धा जाग्न थाल्यो । बुद्धको निर्भीमानी स्वभाव र महानताले ब्राह्मणीको मन पग्लिन थाल्यो ।

☆


Downloaded from http://dhamma.digital

# बुद्धको संस्कृति र महत्त्व

संस्कृति एक गम्भीर विषय हो । यस विषयमा लेख्न त्यति सजिलो छैन । अझ योभन्दा कठिन त बुद्धको संस्कृति विषयमा लेख लेख्नु हो । यस विषयमा थरीथरीका विद्वान्‌हरूको थरीथरीका विचार र परिभाषाहरू छन् । उदाहरणार्थ एउटा घटना प्रस्तुत गर्दैछु–

श्रीलङ्काबाट एकजना विद्वान् व्यक्ति आउनुभएको थियो । उहाँलाई स्वयम्भू घुमाउन लैजाँदा विष्णुमती नदीतिरको बाटो हुँदै जानु पऱ्यो । बिहानीपख भएर होला नदीको छेउछाउमा केही व्यक्तिहरू मजासँग बसी दिसा गरिरहेका थिए । यो दृश्य के देखेको थियो, त्यस पाहुना महाशयले भनिहाल्यो– "तपाईंको नेपालमा प्राचीन या पाषाणयुगको संस्कृति अहिलेसम्म सुरक्षित नै रहेछ ।" यो कुरा सुनी लाजले केही बोल्न सकिन मैले ।

मैले बुझेअनुसार बुद्धको संस्कृति-सदाचार, चरित्र शुद्धि र इमानदारितामा आधारित छ । यसमा जातपात, छुवाछुत, साम्प्रदायिक भावना र पूर्वाग्रह आदिको केही पनि गन्ध छैन । पछि हुँदाहुँदै विकृतिहरू पैदा भई हाले यसले साम्प्रदायिक रूप लिन थाल्यो ।


Downloaded from http://dhamma.digital

सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरिसकेपछि कपिलवस्तुस्थित घर-घरको दैलोमा उभिई भिक्षाटन जानुभएको देख्दा उहाँका पिता राजा शुद्धोदनले दिक्क मानी सोध्नुभएको थियो– "सिद्धार्थ ! राज संस्कृतिलाई किन अपमान गरेको ? के तिमीले राज संस्कृतिलाई बिर्स्यौ ?"

अनि गौतम बुद्धले भन्नुभयो– "महाराज ! अब मेरो संस्कृति राज संस्कृति होइन, श्रमण संस्कृति हो। यसमा जातिभेद र वर्णभेद छैन। यो त केवल मानवता र समानताको संस्कृति हो। श्रमण संस्कृतिलाई हामीले यसरी बुझ्न सक्छौं, श्रमण शब्द पालिभाषामा सम र संस्कृतमा श्रम धातुबाट उत्पन्न भएको हो। जसको अर्थ परिश्रम गर्नु हो अर्थात् आफ्नै प्रयत्नबाट माथिसम्म पुग्नु, आध्यात्मिक उन्नति गर्न समाजलाई सुसंस्कृत गर्न मार्ग प्रदर्शनको लागि त्यागी जीवन बिताई गाउँ-गाउँमा धर्म प्रचार गरेर स्वावलम्बी भई सदाचरण र नैतिकताको बलद्वारा आफै ईश्वर बन्न सकिने छ भन्ने खालको संस्कृति हो।

तर, आजभोलि संस्कृति भन्नाले साधारण रूपमा जातीय चाल-चलन, रीतिथिति र विचारधारालाई लिइन्छ। कहिल्यै पनि परिवर्तन नहुने, सधैं एउटै रूप लिई स्थायी भइरहने स्वभाव समूहलाई संस्कृति भनिंदैन। दयनीय मानवलाई दुःखी जीवनबाट उच्च स्थानमा लैजानुलाई संस्कृति भनिन्छ। साधारण संस्कृतिमा शिष्टाचार, सभ्यता, नाटच, सङ्गीत, चित्रकला र शिल्पकला आदिलाई लिइन्छ। तर बुद्धको सांस्कृतिक विचारअनुसार जनजीवनसम्बन्धी विषयलाई लिइन्छ। जनजीवनसित परिवर्तन


Downloaded from http://dhamma.digital

हुनु यसको लक्षण हो ।

अब जाऔं, संस्कृतिको संरक्षणका लागि पूरा गरिनुपर्ने पूर्वाधारहरूतर्फ- यसमा बुद्धले बताउनुभएका बुँदाहरू यसरी छन्–

(१) पौष्टिक आहारको राम्रो व्यवस्था हुनुपर्छ (आहार सप्पाय)

(२) बस्ने ठाउँको राम्रो व्यवस्था हुनुपर्छ (विहरण सप्पाय)

(३) सरुवा रोगी र झगडालु व्यक्ति नहुनु (पुग्गल सप्पाय)

(४) मौसम अनुकूल हुनुपर्छ (उतु सप्पाय)

(५) विचारधारा मिल्नुपर्छ (अज्झासय सप्पाय)

उपरोक्त पाँचवटा बुँदाहरू पूरा नभए संस्कृतिको संरक्षण हुन गाऱ्हो हुन्छ । पाँचवटा बुँदाहरूमा ठूलो समस्या विचारधारा नमिल्नु हो । तैपनि सहिष्णुता समन्वय हुन सके विचारधारा नमिले पनि शान्तपूर्वक बाँच्न सकिन्छ । हाम्रो नेपालमा परस्पर सहिष्णुता विद्यमान रहेको कारणले नै मुस्लिम, हिन्दू र बौद्धहरूमा कुनै भेदभाव र कलह छैन । तैपनि विचार नमिलेमा साम्प्रदायिक झगडा खडा हुन सक्छ र विभाजन हुन सक्छ ।

बुद्धको संस्कृतिमा सदाचार, नैतिकता र चित्त शुद्धिको आवश्यक रहेको छ । बुद्धको जन्म नेपालमा भए तापनि बौद्ध संस्कृतिको जन्म भारतमा भयो । अब त्यो संस्कृति भारतमा पनि बाँकी रहेन । बुद्धकालीन विहारहरूको भग्नावशेषहरू मात्र

बाँकी छन् । नयाँ बुद्ध विहार बनेको छ । अम्बेडकर र सत्यनारायण गोयन्काले बुद्ध संस्कृतिको पुनर्जागरण गर्नुभएको छ । बुद्ध संस्कृतिको मूल लक्षण र वातावरण नै हराइसक्यो । बौद्ध संस्कृतिको छायाँ मात्र बाँकी छ । किनकि बौद्ध संस्कृतिमा जातिभेद र अन्धविश्वासलाई स्थान छैन । त्यो अवगुण र दुर्गुण सबै भारतमा मौजूद छ । त्यही हावा नेपालमा पनि लागेको हुनुपर्छ ।

अब जाऔं बुद्धको संस्कृतिको मुख्य उद्देश्य नै चित्त शुद्ध गर्ने विषयतिर–

*सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा*
*सचित्त परियोदपनं एतं बुद्धानसासनं*

अर्थ– सबै प्रकारका पाप कर्म नगर्नु, पुण्य कर्म सञ्चय गर्नु आफ्नो चित्त शुद्ध गर्नु, यही बुद्धहरूको शिक्षा हो ।

सारांशमा भन्ने हो भने पाप कर्म नगरेर र धर्म कर्म गरेर मात्र पनि पुग्दैन, मुख्य कुरो त चित्त शुद्ध हुनुपर्छ । तर चित्त शुद्ध हुनुपर्छ भन्ने विषय धेरैजना मानिसहरूले बुझेका छैनन् अथवा यो विषय बुझ्न सजिलो पनि छैन । उदाहरणका लागि यहाँ बुद्धकालीन घटना एउटा प्रस्तुत गर्नु सान्दर्भिक ठान्दछु ।

बुद्धको प्रमुख दाता श्रावस्तीवासी अनाथपिण्डिक सेठ (साहु) कहाँ धेरै दास-दासीहरू पालिराखेका थिए । उनीहरूमध्ये एकजना पूर्णिका नाम गरेकी दासी पौष महिनाको बिहान


Downloaded from http://dhamma.digital

सबेरै नदीमा पानी लिन गइछन् । त्यहाँ एकजना ब्राह्मण बाजे पनि नदीको चिसो पानीमा थरथर काँप्दै स्यु-स्यु कराउँदै डुबुल्की लगाई नुहाइरहेको देखेर पूर्णिका दासी चुप लागेर बस्नै सकिनन् र सोधिन्– "होइन ए बाजे ! म त यहाँ एकाबिहानै मेरो मालिकले पानी लिन गइन भने गाली गर्लान् भन्ने डरले पो पानीलिन आउँदैछु। तर तपाईं चाहिँ कसको डरले यस्तो मुटु काँप्ने जाडोमा पनि थरथर काँप्दै चिसो पानीमा डुबुल्की लगाइराख्नुभएको ?"

बाहुनले भन्यो– "कसैको डरले पनि होइन। म त पापसँग डराएर नुहाउन आएको हुँ र यो त संस्कृति पनि हो । नदीमा नुहायो भने यो पवित्र पानीले सबै पाप बगाएर लान्छ नि, थाहा छैन तिमीलाई ?"

अनि पूर्णिका दासीले भनिन्– "बाजे ! नदीमा नुहाउँदैमा पाप सबै पानीले बगाएर लैजान्छ भने त्यही पानीले धर्म (पुण्य) पनि बगाएर लैजान्छ नि। बाजे ! तपाईंले राम्ररी कुरै बुझ्नुभएको रहेनछ । बुद्धको शिक्षाअनुसार मुख्य कुरो त आफ्नो चित्त शुद्ध हुनुपर्छ नि । अनि मात्र धर्मको रक्षा र संस्कृतिको संरक्षण पनि हुन्छ । अन्यथा पाप काटेर जाला भनी आशा नै गर्नु पर्दैन । बाजे ! नुहाउँदैमा पाप कट्छ भने सधैं यही नदीमा पानीमा बस्ने माछा र भ्यागुता जस्ता प्राणीहरू त झन् पापबाट बची धर्मात्मा हुन्छन् होला नि होइन र ?"

यो कुरा सुनेपछि बाजेले टोलाउँदै विचार गरे– 'मैले यो केटी केही नजानेकी अशिक्षित भन्ठानेको त यो केटीले नौलो


Downloaded from http://dhamma.digital

संस्कृतिको कुरो पो गर्दिरहिछन्। साँच्चै हो नि हगि, नुहाउँदैमा नदीको पानीले पाप बगाएर लान्छ भने त्यस पानीले धर्म पनि त बगाएरै लान्छ नि ! पानीले धर्म र पापलाई कसरी छुट्टयाउन सकला र ? पानीको स्वभाव नै बग्नु र बगाउनु हो ।'

अनि बाजेले सोध्यो– "ए नानी ! यस्तो अनौठो कुरो कहाँबाट सिक्यौ हँ तिमीले ?"

पूर्णिकाले भनिन्– "हाम्रो गुरु बुद्धले उपदेश दिनुहुँदा सधैं चित्त शुद्ध हुनुपर्छ भन्नुहुन्थ्यो। उहाँकै उपदेश सुनी यी अमूल्य कुराहरू सिकिराखेको मैले त।"

यो कुरो सुनी बाजेले– "यो चित्त शुद्ध हुनुपर्छ भनेको त राम्रो संस्कृति हो" भन्दै यस कुरोलाई स्वीकार गरे।

अर्को अध्ययन गर्न योग्य कुरो के छ भने आध्यात्मिक उन्नति र आचरण शुद्ध नगरीकन, चित्त शुद्ध नगरीकन शान्ति र ईश्वरप्राप्त गर्ने आशा गर्दै यज्ञ होम आदि कर्मकाण्ड शुरु गरेको विषयबारे। यति मात्र कहाँ हो र ? धर्म ग्रन्थमा उल्लेख भएअनुसार देवी-देवता खुशी पार्न पशु र मानिसलाई समेत हत्या गरी (बलि दिई) धर्मको नाममा हिंसा कर्म गर्न अग्रसर भए कोही व्यक्तिहरू। यद्यपि नर बलि दिइने कुरा यदाकदा सुन्न पाइन्छन्। पशुबलि त हामीकहाँ आजभोलि पनि खूब चलिरहेको छ। बाटोघाटोमा 'नास:द्य:' का स्थानहरूमा ठूलठूला राँगा बलि दिई रगत बगाउने संस्कृति आजसम्म पनि चलिरहेकै छ। यस्तै बेला दक्षिण भारतका ठूलो विद्वान् नेपाल आउनुभएको थियो।


Downloaded from http://dhamma.digital

यो बलि दिएको दृश्य देख्ने बित्तिकै उ चिच्याउँदै कराउन थाले– "अरे ! म त महापापी देशमा पो आइपुगेछु। यो बुद्ध र पशुपतिको देशमा कस्तो खालको पापी संस्कृति हेर्नुपर्दोरहेछ ।" यति भन्दै उ त्यही दिन भारततर्फ फर्के । यसरी मानिसहरूले आ-आफ्नो शरीर, वचन र मन शुद्ध पारी राम्रो काम गरी चित्त शुद्ध गर्नेतर्फ ध्यान दिंदै कर्म सुधार गरेको देखिंदैन ।

अब भगवान् बुद्धबारे केही जानकारी र परिचय लिऔं । श्रमण गौतमले ज्ञान लाभ गर्नुभएपछि आफूले अनुभव गरेका शुद्ध संस्कृतिको परिचय दिनुहुँदै भन्नुभयो– "मैले जान्नुपर्ने चतुआर्य सत्यबारे ज्ञान हासिल गरिसकें । त्यसपछि त्यो ज्ञान र नयाँ संस्कृतिलाई खूब अभ्यास गरेर हेरें । अनि महसुस भयो, शुद्ध संस्कृति स्थापना गर्नका लागि पुराना नराम्रा कुसंस्कार र परम्पराहरूलाई त्यागिदिनु पर्दोरहेछ । तसर्थ पुराना कुसंस्कार-हरूलाई मैले आफ्नो हृदयदेखि निर्मूल पारिसकें । अनि मात्र मैले बुद्धत्व प्राप्त गर्न सफल भएँ ।"

बुद्धको यस भनाइले हामीले के बुझ्न सक्छौं भने बुद्धले प्रतिपादन गर्नुभएको संस्कृतिमा पूर्वाग्रह र साम्प्रदायिकता तथा अनैतिकतालाई कुनै स्थान छैन । उहाँको संस्कृतिमा (क) शील (सदाचार), (ख) समाधि (चित्त एकाग्रता) र (ग) प्रज्ञा (विवेक बुद्धि) ले ठाउँ ओगटेको छ । आजभोलि जति पनि अनैतिकता, भ्रष्टाचार संस्कृतिको वातावरण र विकृति देखिन्छ, ती सबै शील सदाचारको अभावले गर्दा हो ।


Downloaded from http://dhamma.digital

अब बुद्ध संस्कृतिको महिमाबारे चर्चा गरौं । बुद्धको संस्कृतिमा चार कुराहरू उल्लेखनीय छन्– (क) मैत्री (मित्रता), (ख) करुणा (असहायहरूप्रति दया), (ग) मुदिता (अर्काको उन्नति देखेर प्रसन्न हुने चित्त) र (घ) उपेक्षा (तटस्थता) आदि । यी ४ वटा गुणधर्महरुको अभावले गर्दा समाजमा अशान्ति, हिंसा र आतङ्कको वातावरणले छाएको छ । जति भए पनि तृप्त नहुने तृष्णा र आधारभूत आवश्यकताको अभावले पनि अशान्ति भइराखेको छ र संस्कृति पतनतिर गइराखेको छ ।

मैत्री, करुणा, मुदिता र उपेक्षा रूपी आध्यात्मिक गुणलाई व्यवहारमा प्रयोग गर्न सके मात्र शान्ति मिल्छ कि ?

"भवतु सब्ब मङ्गलं"

☆


Downloaded from http://dhamma.digital

# योग्य देशमा बस्नु मङ्गल हो

गौतम बुद्धले भन्नुभएको थियो– “सबैभन्दा ठूलो लाभ र सुख स्वास्थ्य लाभ हो। स्वास्थ्य ठीक नभएको मानिस जति ठूलो घर, पैसा तथा परिवार भए पनि उसको जीवन नरकतुल्य हुन्छ। त्यस्तो त आजभोलि कतिपय मानिसहरू स्वास्थ्य उपचार गर्न नसक्ने वा औषधी उपचार गरेर पनि छिटो निको नभएपछि आत्महत्या पनि गर्न थालेका छन्। बुद्धको भनाइअनुसार स्वास्थ्य ठीक नहुनाका धेरै कारणहरू छन्, तीमध्ये यहाँ मुख्यमुख्य बुँदा मात्र उल्लेख गर्ने अनुमति चाहन्छु।

१. पौष्टिक खानाको अभाव
२. अनुपयुक्त बासस्थान
३. कलह गर्ने व्यक्ति र सरुवा रोगीसँग बस्नुपर्ने
४. खराब मौसम अथवा अनुकूल लुगाफाटो नहुनु
५. विचारधारा नमिल्ने मानिससँगको बसउठ
६. फोहर र अस्वास्थ्य वातावरण
७. मनपर्ने व्यक्तिसँग बस्न नपाउनु।

अनुकूल र शक्ति बढ्ने खानाको अभाव अर्थात् कुपोषणले


Downloaded from http://dhamma.digital

गर्दा महिनामा लाखौं बालबालिकाहरू र गरीब जनता मर्ने गर्दछन् ।

बासस्थान अनुकूल नहुँदा अर्थात् एउटै कोठामा सुत्ने, खाना पकाउने र रोगी पनि त्यही कोठामा बस्नपर्ने हुँदा स्वास्थ्यको अति बिजोग हुन्छ । डेराको जिन्दगी र सुकुम्बासी टोल यसका उदाहरण हुन् ।

झगडालु मानिससँग बस्नुपर्दा कहिले पनि मनमा शान्ति हुँदैन । कलह गर्ने मानिसले आफ्नो गल्ती र कमजोरी महसुस गर्दैन, अर्काको दोष मात्र देख्छ । यसले पनि मानसिक चिन्ता हुन्छ र स्वस्थ रहन दिँदैन ।

मौसमअनुसार जाडोमा न्यानो लुगा र गर्मीमा हलुका लुगा तथा सुरक्षित घर हुनैपर्छ । भारतमा र बङ्गलादेशमा जाडोमा न्यानो लुगा लगाउन नपाउँदा प्रत्येक वर्ष सयकडौं मानिस मर्ने गर्छन् । केही समय पहिले अमरनाथमा २५० जति तीर्थयात्रीहरू मरेका छन् । किनभने उनीहरूले न्यानो लुगा र सुरक्षित स्थान पाउन सकेनन् । हाम्रो नेपालको 'शिलु' गोसाइँकुण्ड जानेहरू पनि न्यानो लुगा र ओढ्ने नपाउँदा जाडोले मर्ने गरेका छन् ।

स्वच्छ विचार नभएका व्यक्तिहरूसँग बस्नुपर्दा मानसिक रोगले समात्ने गर्छ । मानसिक रोगको औषधी पाउनु सजिलो छैन ।


Downloaded from http://dhamma.digital

स्वास्थ्यको ठूलो शत्रु हो फोहर । हामीकहाँ पानी धमिलो मात्र हुने गर्दैनन्, ढल मिसिएको पानी धाराबाट निस्कने गर्दछ । रत्नपार्क, वीर अस्पताल अगाडि र अड्डा अगाडिको दुर्गन्धित वातावरणले कसरी स्वास्थ्य लाभ हुन्छ ?

संसदीय प्रजातन्त्रको विशेषता नै अप्रिय मानिससँग बस्नुपर्ने बाध्यता हो । स्वतन्त्रता, स्वेच्छाचार, निजीकरण र खुला बजार नीतिको वातावरणमा कहाँ निःस्वार्थी व्यक्ति पाउनु ? धनमुखी, विलासीमुखी, सुविधामुखी व्यक्तिको संख्या झन्झन् बढ्दै छ । इमानदारितालाई त कहाँ ठाउँ छ र ! स्वास्थ्य लाभका लागि औषधी उपचार चाहिन्छ । तर औषधी पैसावालका लागि मात्र उपलब्ध छ । निमुखा र गरीब जनताको उपचारका लागि छिमेकी मित्रराष्ट्र भारत, रुस तथा जापानले अस्पताल बनाई अनुदान दिएको छ । तर त्यहाँ गरीबहरूलाई त के मध्यमवर्गलाई पनि आवश्यक उपचार उपलब्ध छैन । भर्ना हुनलाई क्याबिन पाउन पनि आफ्नो मान्छे चाहिन्छ ।

बुद्धकालमा पनि भिक्षुहरूलाई निःशुल्क उपचार गरि-दिने विम्बिसार राजाको आदेश थियो । योग्य जीवक वैद्यलाई दरबारीकरण गरिदियो । निःशुल्क उपचार र खानाका लागि थुप्रै गरीब जनता भिक्षु बन्न आउन थाले । रोग निको भइसकेपछि उनीहरू फेरि गृहस्थी बनी घर फर्कन्थे ।

स्वास्थ्य उपचार गर्नुभन्दा रोग नलाग्ने व्यवस्था भए झन् सुविधा र जीवन सुखमय हुन्थ्यो । त्यसका लागि स्वच्छ पानी



Downloaded from http://dhamma.digital

र स्वच्छ वातावरण तथा सरसफाइको व्यवस्था हुनुपर्‍यो। साधारण जनमानसमा सरसफाइको चेतना जगाउने टी.भी. र रेडियो तथा अखबारद्वारा मात्र प्रचार गरेर पुग्दैन, गाउँ-गाउँमा, टोल-टोलमा सफाइ र स्वास्थ्यसम्बन्धी चलचित्र देखाउनुपर्छ। चलचित्र देखाउँदाखेरि सांस्कृतिक कार्यक्रम, खेलकुद र ऐतिहासिक स्थलहरूको झलक ५० प्रतिशत मिलाएर देखाउनुपर्छ। अनि मात्र गाउँले जनताले रुचिका साथ हेर्न आउँछन्। मैले श्रीलङ्का, भारत र चीनमा यही तरिका देखेर आएको छु।

क्षयरोगले सताएको थियो। त्यो बच्चा एकदम दुब्लो पातलो थियो। उसलाई इन्जेक्सन दिनु थियो। बच्चा इन्जेक्सन लिन मान्दैनथ्यो। त्यसपछि डाक्टरले चलचित्रमा त्यस्तैखाले रोगी बच्चालाई इन्जेक्सन दिएको देखाएर नसा-नसामा इनजेक्सन घुसाएर रोगका कीटाणु सखाप भएपछि बच्चाको रोग सुध्रँदै गएको, खानामा रुचि बढ्दैगएको र मोटाउन थालेको देखेर बिरामी बच्चाले पनि आफ्नो हात फैलाएर भन्न थाल्यो– "मलाई पनि इन्जेक्सन दिनुहोस्।"

जथाभावी दिसा-पिसाब गर्दाखेरि फोहरमा झिङ्गा बस्छ र घर-घरमा गएर खानेकुरामा बसी फोहर पारिदिन्छ। त्यस्तो खानाबाट कसरी रोग सर्छ, झाडापाखाला लाग्छ। बान्ता हुन्छ र मानिस मर्दछ। त्यस्तो चलचित्र बनाएर देखाउनुपर्छ। तर हामीकहाँ सूचना मन्त्रालयमा चलचित्र देखाउने प्रोजेक्टर मेशिन खिया लागेर थन्काइएको छ।


Downloaded from http://dhamma.digital

स्वास्थ्य मन्त्रालयमा पनि त्यस्तै स्थिति छ । मैले पञ्चायतकालमा सूचना मन्त्रालय र स्वास्थ्य विभागसित परिचित डा. थीरमान शाक्य र हेड नर्स तारादेवी तुलाधरहरूको सहयोग लिईकन बनेपामा दुई-तीनपटक त्यस्ता चलचित्र देखाएँ । मोटर र खानाचाहिँ आफैले प्रबन्ध गर्नुपर्दोरहेछ । यसप्रकार सफाइ र स्वास्थ्यसम्बन्धी गाउँ-गाउँमा, टोल-टोलमा चलचित्रमार्फत प्रचार गर्नसके जनचेतना आउँथ्यो कि !

☆

Dhamma.Digital


Downloaded from http://dhamma.digital

# भक्तिमार्ग र ज्ञानमार्ग

बुद्धको शिक्षा अर्थात् बुद्धले प्रचार गर्नुभएको धर्म पूरै भक्तिमार्ग मात्र नभई ज्ञानमार्गतर्फ बढी ढल्केको छ। तर बढी मात्रामा श्रद्धा भएका व्यक्तिहरू भक्तिमार्गतर्फ लाग्ने गर्दछन्। किनभने उनीहरूमा प्रज्ञाको कमी रहेको हुन्छ। उनीहरूमा ज्ञानको कमी रहेको हुन्छ। आदिकालदेखि नै मानिसहरूमा प्रज्ञा ज्ञानको कमी देखिन्छ। अर्को भाषामा भन्ने हो भने वैदिक शिक्षा वा ब्राह्मण संस्कारले दिएको शिक्षा नै भक्तिमार्गमा आधारित देखिन्छ। चित्त शुद्ध गर्नेभन्दा पनि ईश्वरको भक्तिभाव गरेपछि मुक्ति प्राप्त हुनेछ भन्ने भावनासहितको चलनचल्ती बढिरहेको देखिन्छ। बौद्धिक संस्कार भनुँ वा ब्राह्मणवादले भनुँ भक्तिमार्गमा बढी जोड दिएको देखिन्छ।

तर बुद्ध शिक्षाअनुसार अथवा बुद्धले प्रचार गर्नुभएको धर्मानुसार ज्ञानमार्गमा लागेका व्यक्तिहरूमा पनि श्रद्धा हुनु अनिवार्य छ, होइन भने ज्ञान वा प्रज्ञा मात्र बढी भएको खण्डमा मानिस स्वार्थी बन्न पुग्छ। तरकारीमा नून नपुगेझैं धर्म पनि रसहीन बन्न पुग्छ। नेपाल भाषामा उल्लेख गरिएअनुसार 'कतिला पाक:' बन्न पुग्छ। उनीहरू व्यवहारबाट टाढिँदै


Downloaded from http://dhamma.digital

जान्छन् । फलस्वरूप बुद्धि विलासितातर्फ लाग्ने छन् । यस्ता व्यक्तिहरू अर्काको गाई चराउने गोठाला जस्तै बन्छन् । अर्काको गाई चराउने गोठालाले दिनभरि गाई चराए पनि गाईको शुद्ध दूध खान नपाए जस्तो जतिसुकै धर्म छलफल गर्न जाने पनि धर्मलाई व्यवहारमा उतार्न नसकी धर्मबाट फाइदा भने लिन सकिरहेको हुँदैन ।

त्यस्तै भक्तिमार्गीहरूमा अन्धविश्वास भावना बढी देखिन्छ । ईश्वर आत्मा र परमात्मा, स्वर्ग-नर्क आदिमा बढी विश्वास गर्दै पुस्तकमा लिखित कुरालाई मात्र बढी मान्यता दिने गर्छन् यिनीहरू । फलस्वरूप यिनीहरूले सत्य तथ्यलाई बुझ्न कोसिस गर्दैनन् । उनीहरूमा ठीक बेठीक छुट्याउने शक्ति नै हुँदैन । जन्मेदेखि नै अन्धा भएको व्यक्तिलाई हात्तीको आकार-प्रकार सोध्ने जस्तै हुनेछ ।

बुद्धले दिनुभएको शिक्षा र धर्मको विशेषता नै ईश्वरलाई मान्यता नदिनु, आत्मालाई नित्य नमान्नु, कुनै पनि ग्रन्थलाई प्रामाणिकता नमान्नु, कर्मकाण्डलाई नमान्नु र केवल चित्त शुद्ध गरी दुःखबाट मुक्त हुनु आदि । यही नै ज्ञानमार्गका प्रमुख लक्षणहरू हुन् ।

माथि उल्लिखित बुद्ध शिक्षाका विशेषताहरूमध्ये कुनै पनि पुस्तकलाई प्रामाणिकता नदिनु भन्ने विशेषता बडो अनौठो र बुझ्न अलि असजिलो देखिन्छ । किनभने पुस्तकलाई प्रामाणिकता नदिने भन्ने कुराले पालि त्रिपिटकलाई मान्यता दिने वा नदिने भन्ने विषयमा प्रश्न खडा गर्नेछ । कुनै पनि ग्रन्थलाई


Downloaded from http://dhamma.digital

प्रामाणिकता नदिनु भनिसकेपछि पालि त्रिपिटकलाई कसरी मान्यता दिन सकिन्छ त ? तर यसो भन्दैमा पूरा मात्रामा नै मान्यता नदिनु भनेको पनि त छैन । त्रिपिटक पालि बुद्ध परिनिर्वाण हुनुभएको लगभग छ सय वर्षपश्चात् पुस्तकको रूपमा प्रकाशित भएको हो । त्यसमा धेरैजसो ब्राह्मणवाद र आत्मवादको कुरा मात्र होइन, अशोककालीन घटनाहरू पनि समावेश भइसकेको देखिन्छ। पालि त्रिपिटक अध्ययन गर्दै जाँदा स्वतन्त्र चिन्तन र विवेक बुद्धि लगाएर पढ्ने गर्नुपर्छ । आफ्नी आमाले पकाएको खानामा पनि बेहोशीले गर्दा कहिलेकाहीं कंकड, बालुवा, रौं आदि मिसिएको हुन सक्छ। तर आफ्नै आमाले पकाएको खाना त हो नि भन्दै हेर्दै नहेरी, केलाउँदै नकेलाईकन बालुवा, रौं र कंकड सबै खाइदिने हो वा केलाउँदै ती फोहर बेफाइदा गर्ने वा चीजहरू फाली खाना मात्र खाने ?

यसरी नै त्रिपिटकमा पनि काम नलाग्ने खालका अवैज्ञानिक र अव्यवहारिक र पुरोहितवाद आदि स्वार्थी विचार धारा पनि घुसाइएका देखिन्छन् । यी खराब विचारधारालाई केलाएर फाली बुद्धको ज्ञान मात्र लिनसक्नु नै बुद्धिमानी हुनेछ । बुद्ध त धेरै दूरदर्शी र ज्ञानी व्यक्ति हुनुहुन्छ । त्यसैले उहाँले पुस्तकमा उल्लेख गरिएका कुराहरू आँखा चिम्ली विश्वास नगर्नु भन्नुभएको होला। यदि बुद्धमार्गीहरूले पनि त्रिपिटकलाई आँखा चिम्ली प्रामाणिकता दिएको खण्डमा अन्य धर्म जस्तै बुद्ध शासन (धर्म) पनि साम्प्रदायिक हुने भयो । यसैले गर्दा बुद्ध शिक्षाको कुनै विशेषता नै नरहने भयो। बुद्धले प्रचार गर्नुभएको


Downloaded from http://dhamma.digital

धर्म त बुद्धिवादी धर्म हो। यो अन्य धर्म जस्तै साम्प्रदायिक कदापि हुन सक्दैन।

तर वर्तमान बुद्धमार्गीहरू अधिकांश भक्तिमार्ग बनिसकेको देखिन्छ। हिन्दू संस्कारको प्रचार बढ्दो मात्रामा देखिन्छ। त्यसैले बुद्धले भन्नुभएको छ–

*"पभस्सरमिदं भिक्खवे चित्तं अपिच आगन्तुकेहि किलेसेहि संकिलिट्ठं"*

अर्थात्– मानिस जन्मिएको अवस्थाको चित्त त शुद्ध थियो। तर बाहिरी वातावरणले गर्दा उनीहरूको चित्त प्रदूषित हुन पुग्छ। मतलब सत्सङ्गत र बाहिरी आश्रयअनुसार मानिसको चित्त धमिलो हुन पुग्छ।

☆


Downloaded from http://dhamma.digital

# बुद्धको शान्ति सन्देश

गौतम बुद्धको शान्ति सन्देश २५०० वर्ष पुरानो भए पनि आजको युगका लागि धेरै सान्दर्भिक र उपयोगी भएको छ । बुद्ध राजपरिवारमा र हाम्रै नेपालमा जन्मनुभएको थियो । उहाँले बुद्धत्व प्राप्त गर्नुभएपछि भन्नुभएको थियो– "आफूले राजदरबार त्यागेको आफू मात्र दु:खबाट मुक्त हुनलाई होइन र सुखमय जीवन बिताउनका लागि पनि होइन । यसले के बुझिन्छ भने राष्ट्रका जनसमूह दु:खमा फँसेको छ। अत: पीडित जनसमूहलाई दु:खबाट मुक्त हुने बाटो देखाउनु छ। तर दु:खको कारण के हो पहिले त्यो पत्ता लगाउनु आवश्यक छ । यो अध्ययनको विषय र बुझ्नुपर्ने कुरा हो । उहाँले बुद्धत्व प्राप्त गरेर पत्ता लगाउनुभयो ठीक समझदारी र ठीक सोचाइको अभाव हो। परस्पर सहयोगको पनि अभाव छ। अर्को शान्तिको मुख्य बाधाहरूमा मैत्री र करुणाको पनि अभाव हो ।

गौतम बुद्धले प्रतिपादन गर्नुभएको चार आर्य सत्यको शिक्षाले थाहा हुन्छ उहाँले दरबार त्यागनुभएको दु:खबाट मुक्ति पाउनका लागि हो। पहिलो कुरा हो, यो संसार दु:खले भरेको छ । दोस्रो दु:खको कारण छ । तेस्रो दु:खबाट मुक्त हुन सक्छ ।


Downloaded from http://dhamma.digital

चौथो दुःखबाट मुक्त हुने बाटो छ। यहाँ मुख्य कुरा दुःखको कारण जति भए पनि सन्तुष्ट नहुने तृष्णा। यही तृष्णाले गर्दा भ्रष्टाचार, कालोबजार, अन्याय अत्याचार भइरहेको छ। अर्को अपराधको एउटा कारण गरिबी हो भन्ने गौतम बुद्धले भन्नुभएको छ। मानिसलाई लाउने लुगा, कपडा, खाना, बस्ने ठाउँ र औषधी आदि आधारभूत आवश्यकताको पूर्ति हुनु आवश्यक छ। यी आधारभूत आवश्यकताको पूर्ति नभएमा भिक्षुहरूको जीवनमा पनि नैतिकता शुद्ध हुन सक्दैन। आचरण राम्रो हुन सक्दैन। चित्त शुद्ध हुन सक्दैन।

बुद्धको पालामा पनि हिंसा, आतङ्क, अत्याचारको अवस्था आएको थियो। त्यसैले उहाँले भन्नुभएको थियो–

*"कोनुहाँसो किमानन्दो निच्चं पज्जलिते सति*

*अन्धकारेन ओनद्धा पदीपं नगवेस्सथ"*

अर्थ– चारैतिर आगो दन्दन बलिरहेछ, कसरी हाँस्नु, कसरी आनन्द लिनु ? अन्धकारले चारैतिर घेरिसकेर पनि प्रकाश खोज्दैनौ ?

त्यसताका आजकाल जस्तै अशान्ति मचिरहेको बेलामा यज्ञ होम गर्दा शान्ति हुन्छ कि भनेर नामी विद्वान् ब्राह्मण पुरोहित बुद्धकहाँ गएर विचार विमर्श गर्दा गौतम बुद्धले भन्नुभएको थियो– "यज्ञ होम गरेर शान्ति हुन सक्दैन गरिबी निवारणको कार्य गर्न इच्छुक किसानहरूलाई खेत जमिन र औजार बिउ आदि वितरण गर्नुपर्छ। व्यापार गर्नेहरूलाई पूँजीको


Downloaded from http://dhamma.digital

व्यवस्था मिलाउनुपर्छ । जागिरदारहरूलाई भत्ता सहित तलब दिनुपर्छ । मजदूर ज्यामीहरूलाई औषधी सुविधा सहित पारिश्रमिकको व्यवस्था मिलाउनुपर्छ । यस्तो व्यवस्था गर्दाखेरि गरिबी उन्मूलन बेकारी समस्या हराएर जान्छ । अनि स्वतः अशान्ति हटेर जान्छ । एउटा स्मरणीय कुरा छ व्यापारी, सरकारी, कर्मचारी, मजदूरहरु पनि इमानदारी हुनु आवश्यक छ । (दीर्घनिकायकुटदन्त सूत्र)

अर्को बुद्धको (शान्ति) सन्देश थियो– दु:खको कारण परस्पर ठीक समझदारी र परस्पर मैत्री तथा सहयोगको अभाव कर्तव्य परायन र विश्वास पात्र बन्न नसक्नु र आत्मालोचना अर्थात् आफ्नो गल्ती महसुस गर्ने बानी नहुनु पनि अशान्तिको कारण हो । वैरले र वैरभावले कहिले पनि शान्ति हुँदैन । मैत्रीभावले मात्र शान्ति स्थापना हुन सक्छ । शान्तिका लागि सम्यक् चिन्तन र सम्यक् सोचाइ हुनु आवश्यक छ । अहंकार र घमण्डलाई त्यागनुपर्छ । उपर्युक्त बुद्धको सन्देश व्यवहारमा उतार्न सके शान्ति स्थापना सम्भव हुन सक्छ ।

☆


Downloaded from http://dhamma.digital

# संस्कार बदलियो

मानिस असल मान्छे बनाउने भन्ने चाहना र इच्छा थियो बुद्धको। तर मानिस असल बन्नका लागि उसमा मनुष्यत्व हुनु अत्यावश्यक छ। अर्को अर्थमा भन्ने हो भने एक असल मानिसमा अहम्पना दानवता र घमण्डी स्वभाव हुनु हुन्न। त्यतिमात्र होइन उसमा क्रोधी स्वभाव र आफू मात्र खाने र लगाउने नियत राखी मौका छोप्ने स्वार्थी भाव पनि हुनु हुन्न। असल मानिस बैगुणी पनि हुनु हुँदैन। एउटा मानिसमा मानवता रहन सकेन भने उ दानव (राक्षस) बन्न पुग्छ।

रङ्गीचङ्गी फूलको बिरुवा झकमक्क भएको रमणीय बगैंचा जस्तो राम्रो र स्वच्छ स्वभाव भएका मानिसहरूले भरिएको मानव समाज बनोस् भन्ने इच्छा थियो बुद्धको। यस्ता सुद्ध व्यक्तिहरूको समुदाय निर्माण गर्नका लागि त मानिसहरूको संस्कार स्वच्छ भई उनीहरू कुसंस्कारबाट मुक्त हुन सक्नुपर्दछ। तर तुफानी हावा र हुरी बतास आएर बगैंचाका सुन्दर फूलहरू नाश गरे जस्तै एकजना दानव शोषक मानिसले शान्त स्वभाव भएको मानव समाजलाई नै नाश गरी अशान्त वातावरण ल्याइदिने गर्दछ। यस कुरालाई स्पष्ट पार्नका लागि बुद्धकालीन घटनाको


Downloaded from http://dhamma.digital

चर्चा गर्न चाहन्छु ।

अलउ भन्ने प्रान्तमा आलवक नाम गरेको एक प्रभावशाली व्यक्ति रहने गर्थ्यो । उ धनी मात्र होइन शक्तिशाली पनि थियो । त्यस प्रान्तको मुखिया जस्तै भएर रहने गर्थ्यो ऊ । त्यहाँका मानिसहरू उसको आदेशअनुसार चल्नुपर्दथ्यो । क्रोधी स्वभावको आलवकलाई उसको स्वभावअनुसार सबैले उसलाई आलवक राक्षस भनी चिन्ने गर्थे । उसको राक्षसी स्वभावले गरेर अलउ निवासी जनताले शान्ति सुख गुमाएका थिए । उनीहरूले मात्र होइन आलवकको परिवारले पनि शान्ति र सुखको अनुभव गर्न पाएका थिएनन् ।

एकपटक गौतम बुद्ध धर्म प्रचारार्थ अलउ प्रान्तमा जानुभयो । बुद्धको दर्शन पाउने बित्तिकै त्यहाँका मानिसहरू बुद्धसमक्ष आई यसरी प्रार्थना गर्न थाले– "भो सास्ता ! तपाईं महान् करुणावान पवित्र व्यक्ति हुनुहुन्छ । तपाईं पुरिसदम्म सारथी अर्थात् क्रोधी र दानवी स्वभावका मानिसलाई दमन गर्नुहुने सारथी हुनुहुन्छ । हाम्रो गाउँमा आलवक नाम गरेको अति क्रोधित व्यक्ति छ । हामी उक्त घमण्डी शोषकको अधिनमा रहन बाध्य भएका छौं । त्यसैले हामीले शान्तिको अनुभव गर्न पाइरहेका छैनौं । त्यसैले कृपा राखी तपाईंले आफ्नो मैत्री र करुणाको बल प्रयोग गर्नुभई आलवकलाई उसको राक्षसी स्वभाव र कुसंस्कारलाई बदलेर शान्त पार्नुभएमा हाम्रो ठूलो उपकार हुनेछ ।" उनीहरूको यस्तो बिन्ति सुनी बुद्धले यसरी विचार गर्नुभयो–


Downloaded from http://dhamma.digital

"आलवकको राक्षसी स्वभाव र संस्कार बदल्ने हो वा होइन, उसले मेरो कुरा बुझ्न सक्ने हो वा होइन ? मैले पहिला उसको कुरा मानेपछि अवश्य पनि उसले मेरो कुरा मान्नेछ। मेरो कुरा सुनेपछि उसको स्वभाव नरम हुनेछ। उसको भलो सोचेर भए पनि म उसको निवास स्थानमा जानुपर्ला। मैले राजदरबार त्याग गरेको दिनदेखि र बुद्धत्व प्राप्त गरिसकेपछि अहिलेसम्म जति पनि काम र कुरा गरें ती सबै अरूको भलो र हित सोची मैत्रीपूर्ण व्यवहारले नै गर्दै आएको छु। मेरो मैत्री करुणा यदि सत्य र सही छ भने त्यही सत्य वचन र मैत्री बलको कारणले अवश्य पनि आलवकको क्रोधी स्वभाव र संस्कार बदलियोस्। उसको कडा स्वभाव नरम भई उसले राक्षस स्वभाव त्यागी असल व्यक्ति बन्न सकोस् यस्तो हुन सकेमा त्यहाँका मानिसहरूमा शान्त वातावरण छाउने छ।

यसरी आत्मविश्वासका साथ आफ्नो शुद्ध मैत्री स्वच्छ छवि भएको चरित्रलाई साक्षी राखी गौतम बुद्ध आलवक भवनमा जानुभयो। त्यसबेला आलवक घरबाहिर गइरहेको थियो। त्यसैले ढोका बन्द थियो। बुद्धले ढोका घच्घच्याउनुभयो। आलवककी श्रीमतीले ढोका खोली सोध्न थालिन्– "तपाईं को हुनुहुन्छ ? के कामका लागि आउनुभएको होला ?"

बुद्धले भन्नुभयो– "म बोध भइसकेको व्यक्ति हुँ। त्यसैले मलाई बुद्ध मानिन्छ। म यहाँ आलवक महाशयलाई भेट्नका लागि आएको हुँ।"


Downloaded from http://dhamma.digital

बुद्धको कुरा सुनी आलवककी श्रीमतीले भनिन्– "अहो ! तपाईं बुद्ध हुनुहुन्छ ? आलवक त ज्यादै क्रोधी र राक्षसी स्वभावको हुनुहुन्छ। त्यसैले तपाईं यहाँ नबस्नुस्, जानुस्। उसले तपाईंलाई बाँकी राख्दैन ।"

बुद्धले भन्नुभयो– "म उहाँकै हित र भलोका लागि नै यहाँ आएको हुँ । उहाँले मलाई केही पनि बिगार गर्ने छैन । उहाँ नआउन्जेल मलाई यहाँ बस्न दिनुस् ।"

आलवककी श्रीमतीले बुद्धलाई स्वागत गरी भित्र लगिन् र बुद्धको तर्फबाट धर्मका कुरा सुन्ने जिज्ञासा राख्दै प्रार्थना गरिन् ।

बुद्धले उनको प्रार्थना स्वीकार गर्नुहुँदै धर्मदेशना गर्नुभयो– "जीवन सुखमय पार्नका लागि मनमा पीर लिनुहुन्न । अर्काको अधीनमा बस्नुपर्दा एकप्रकारको दुःखले सताउने गर्दछ । तर परस्पर प्रेम, माया र सहानुभूनि रहन सकेको खण्डमा जीवनमा अनौठो आनन्दको अनुभव हुने गर्छ ।"

त्यही बेला आलवक आइपुग्यो त्यहाँ । बुद्धको उपदेश सुनिरहेकी उसकी श्रीमती एकाएक झस्किएर डराउँदै भित्र लागिन् । आलवक बुद्धसमक्ष आइपुग्ने बित्तिकै खूब रिसाउँदै आदेश दिन थाल्यो– "बाहिर जाऊ यहाँबाट ।"

बुद्धले विचार गर्नुभयो– "अहिले यसको हुकुम मान्नैपर्छ। अनि मात्र यसको हृदय पग्लिने छ ।" त्यति विचार गर्नुहुँदै केही नभनीकन बुद्ध त्यहाँबाट उठेर खुरुखुरु बाहिर निस्कनुभयो ।


Downloaded from http://dhamma.digital

बुद्ध बाहिर निस्कने बित्तिकै आलवकले सोच्न थाल्यो– "यत्रो ठूलो व्यक्ति मैले भन्ने बित्तिकै आज्ञा शिरोपर गर्दै बाहिर निस्क्यो यो त ।" उसको कठोर मनमा केही नरमीपनाले ठाउँ लियो। अनि आलवकले बुद्धलाई जाँच गर्ने उद्देश्यले फेरि आदेश दिंदै भन्न थाल्यो– "ए श्रमण ! आऊ भित्र, बस यहाँ ।"

बुद्धले आलवकको दोस्रोपटकको आदेशलाई पनि सहर्षपूर्वक स्वीकार गर्नुहुँदै खुरुखुरु भित्र पस्नुभयो । यसरी आदेश दिने क्रमलाई आलवकले ३ पटकसम्म प्रयोग गर्दासम्म बुद्धले स्वीकार गर्नुभयो। जब चौंथोपटक पनि आलवकले आदेश दिन थाल्यो, तब बुद्धले उसको यस आदेशलाई नकार्नुहुँदै भन्नुभयो– "तिम्रो यो आदेश दिने क्रम अति हुन थाल्यो। त्यसकारण अब म बाहिर जाने छैन । तिमीलाई के गर्न मन लाग्छ गरेर देखाऊ ।"

बुद्धको यस्तो कुरा सुनी आलवक झस्कियो। उसले सोच्न थाल्यो– "मेरै घरमा आई मलाई यस्तो भन्न सक्ने यो व्यक्ति मामुली खालको पक्कै पनि होइन। पक्कै पनि कुनै अदृश्य शक्ति भएको मानिस हुनुपर्छ यो। राम्रो व्यक्तित्व भएको यस व्यक्तिलाई मैले केही प्रश्न सोध्नु ठीक हुनेछ।" यही विचार गर्दै उसले भन्न थाल्यो– "भो श्रमण गौतम ! म केही प्रश्न राख्न चाहन्छु यहाँ समक्ष ।" प्रश्न यसप्रकार छ–

१. मानिसको उत्तम धन कुन हो ?

२. कुनचाहिँ अभ्यास गरेको खण्डमा सुख हुन्छ ?

३. सबभन्दा उत्तम रस कुन हो ?

४. कसरी जीवन बिताए जीवन उत्तम हुनेछ ?


Downloaded from http://dhamma.digital

यी प्रश्नको उत्तर बुद्धले यसरी दिनुभयो–

१. मानिसको उत्तम धन श्रद्धा हो ।

२. धर्म अभ्यास गरेको खण्डमा सुख हुन्छ ।

३. रसहरूमध्ये उत्तम रस सत्य हो ।

४. प्रज्ञायुक्त जीवन सर्वोत्तम छ ।

आलवकले फेरि प्रश्न गऱ्यो– "श्रद्धा भनेको के हो ?"

बुद्धले भन्नुभयो– "मन प्रसन्न र कोमल हुने अवस्थालाई श्रद्धा भनिन्छ । तपाईंमा श्रद्धा नै छैन । श्रद्धा भएको भए आफ्नो घरमा आएको पाहुनाप्रति मन प्रसन्न हुनुपर्ने हो तपाईंको । त्यति मात्र होइन आफ्नी पत्निप्रति स्नेह र माया रहनु पनि श्रद्धा नै हो । जेहोस् मन आनन्द हुने अवस्था नै श्रद्धा हो ।

धर्म अभ्यास भएको खण्डमा सुख हुनेछ । तर तपाईंमा धर्मको अभ्यास नै छैन । यदि तपाईंमा धर्म भएको भए यस्तरी क्रोधी स्वभाव तपाईंमा हुने नै थिएन । तपाईं यहाँ आउने बित्तिकै तपाईंकी श्रीमती डराएर भित्र भागिन् । तपाईं आउनुभन्दा पहिले उनी मेरोसामु आनन्दसँग धर्मदेशना सुनिरहेकी थिइन् । तपाईंको धर्मको अभ्यास खोइ ? यदि तपाईंमा धर्म अभ्यास भएको भए तपाईं बाहिरबाट घरभित्र आउने बेलामा मुसुमुसु हाँस्दै तपाईंलाई स्वागत गर्नुपर्ने हो उनले । तर तपाईं आउने बित्तिकै तपाईंकी श्रीमती डराउँदै भित्र भाग्नु परेको कारणले तपाईंमा धर्म अभ्यास नभएको प्रष्ट देखाइरहेको छ । के यस्तो जीवनलाई राम्रो र हिसि परेको भन्न मिल्छ ?


Downloaded from http://dhamma.digital

तपाईंमा सत्यता नै नभएको कारणले तपाईंको जीवनमा रस पनि छैन । प्रज्ञा पनि छैन । त्यसैले तपाईंको व्यवहारमा नरमीपना पनि छैन । शान्त स्वभाव नै छैन तपाईंमा । जनताले तपाईंसामु मात्र आदर र सम्मान देखाउँछन् । तर तपाईंको पछिल्तिर के भन्छन् उनीहरूले थाहा छ तपाईंलाई ? मुख पछाडि पनि आलवक राम्रो स्वभावको मानिसको व्यक्ति हो भनेको सुन्न पाउनु मात्र सुखकर कुरा हो । तर तपाईंको मुख पछाडि आलवक त ज्यादै क्रोधी र घमण्डी स्वभावको छ भन्ने चर्चा चलिरहनु भनेको हिसि भएको कुरा होइन नि !"

यी कुरा सुनिसकेपछि आलवकको संस्कार बदलियो । उसले बुद्धसमक्ष गई भन्न थाल्यो– "भो श्रमण गौतम ! तपाईं त मप्रति कृपा राख्नुभई मेरो घरमा आउनुभएको व्यक्ति हुनुहुन्छ । यस्ता गुणधर्मले पूर्ण ज्ञानका कुराहरू मैले कहिल्यै सुन्न पाएको थिएन । राम्रै भयो । आइन्दा म क्रोधी बन्ने छैन । मेरो संस्कार बदलिसक्यो अब । आजदेखि मैले कसैलाई दु:ख दिने काम गर्दिन । त्यति मात्र होइन म गाउँ-गाउँमा गएर तपाईंको धर्म प्रचार गर्नेछु र मेरो हृदय बदलिएको र आफू ज्ञानी र असल व्यक्ति भइसकेको कुरा पनि बताउने छु ।"

त्यस दिनदेखि त्यहाँको वातावरण शान्त बन्यो । त्यहाँका मानिसहरूले शान्तिको अनुभव गर्न पाए ।

☆

# जनप्रिय हुन चाहन्छ भने

*सील दस्सन सम्पन्नं धम्मट्ठं सच्चवादिनं*

*अत्तनो कम्म कुब्बानं तंजनो कुरुतेपियं ।*

भावार्थ– शील सदाचार र प्रज्ञा सम्पन्न (विवेकपूर्ण) भई धर्मानुकुल आफ्नो काम कर्तव्य पूरा गर्ने सत्यवादीलाई सबैले मन पराउँछन् । जनप्रिय हुन नचाहने को होला ? तर चाहँदैमा पनि के गर्नु ? त्यसका लागि आवश्यक आधारभूत गुण धर्म पनि त हुनु पर्‍यो नि । गौतम बुद्धले त्यसका लागि आवश्यक ५ प्रकारका गुण धर्महरूलाई यसरी बताउनुभएको छ–

**१. आचरण र चरित्र राम्रो हुनुपर्छ**

अर्को शब्दमा भन्ने हो भने मानिसको व्यवहार असल हुनुपर्छ । उसको कामकाज विवेकशील र प्रज्ञा सम्पन्न हुनुपर्छ । बोलीअनुसारको काम पनि राम्रो हुनु जरुरी छ । बोली सही भए जस्तै उसले गरेको कामले अरूलाई अप्ठचारो नपार्ने हुनुपर्छ ।

शील सदाचारको अर्थ नै अनुशासित र शिक्षित बन्नु । अर्को शब्दमा भन्ने हो भने विनीत र नरम स्वभाव हुनु तथा


Downloaded from http://dhamma.digital

अहङ्कारी नबन्नु । घमण्डी र अहङ्कारीपनाले आफ्नो जीवनलाई खतरा र पतनतर्फ लाने गर्छ ।

बौद्ध ग्रन्थमा उल्लेख भएअनुसार गृहस्थीहरूले पालन गर्नुपर्ने शील सदाचारसम्बन्धी नियमहरू ५ वटा छन्, त्यसलाई पञ्चशील पनि भनिन्छ । आजभोलि धेरैजसो धार्मिक कार्यक्रम सञ्चालन गर्ने क्रममा सबभन्दा पहिला कुनै भिक्षु वा भिक्षुणीसमक्ष यसरी पञ्चशील प्रार्थना गर्ने चलन चलिआएको छ । तर वास्तवमा प्रार्थना मात्र गरेर लिने नभई पालना नै गर्न सकेमा मात्र फल प्राप्त गर्न सकिने कुरा हो । पञ्चशील पालन भएको व्यक्तिबाट अशान्ति र कलह हुने सम्भावना ज्यादै कम हुन्छ । किनभने पञ्चशील पालन गर्ने व्यक्तिहरूले तल उल्लेखित नियमहरू पालन गर्नुपर्ने हुन्छ ।

क) हिंसा र अरूलाई दु:ख हुने काम नगर्नु ।
ख) अरूको वस्तु चोरी नगर्नु ।
ग) यौनसम्बन्धी बलात्कार र भौतिक धन सम्पत्तिको भ्रष्टाचार नगर्नु ।
घ) अरूलाई ठग्ने नियतले झूटो कुरा नगर्नु ।
ङ) मगज बिग्रने मादक पदार्थ सेवन नगर्नु ।

## २. विवेक बुद्धि पुऱ्याई काम गर्नुपर्छ

जनप्रिय बन्नका लागि होशियारी बन्दै प्रज्ञा र विवेक बुद्धि पुऱ्याई काम गर्नुपर्दछ । यस्तो हुन सकेन भने त्यस व्यक्तिको बोली र काम ठीक हुन सक्दैन ।

### ३. धर्मानुसार आचरण र काम हुनुपर्छ

कुनै काम गर्दा अरूलाई अन्याय र अधर्मपूर्वक काम गऱ्यो भनी आलोचना गर्ने मौका नदिई काम गर्नसक्नुपर्दछ । यसरी काम गर्नका लागि आफूलाई पनि अरूलाई पनि भलो चिताएर काम गर्नुपर्दछ । यसरी धार्मिक नियमअनुसार जीवन जिउन सके मात्र हाम्रो जीवन जनप्रिय हुन सक्छ ।

### ४. सत्यवादी हुनुपर्छ

सत्यवादी बन्ने सजिलो काम होइन तैपनि सत्य बोलीले मानिसलाई विश्वासपात्र बनाइदिन्छ । सबैले श्रद्धा दृष्टिले हेर्ने गर्छन् । तर बोली ठीक भएन अर्थात् आफ्नो स्वार्थको वशमा गई झूटो कुरा गर्दै हिँड्ने व्यक्ति समाजका लागि फटाहा बन्न पुग्छ । त्यस्ता व्यक्ति विश्वासघाती, बेइमानी बन्ने हुनाले उ जनप्रिय हुन सक्दैन ।

त्यसैले सत्यवादी बन्नका लागि झूटो कुरा नगर्ने, चुक्ली नगर्ने, कडा वचन नबोल्ने र काम नलाग्ने बकवासमा नलाग्ने बानी बसाल्नुपर्दछ । यी चार प्रकारका खराब वचन नबोल्ने व्यक्ति मात्र जनप्रिय बन्न सक्नेछ ।

### ५. आफ्नो काम र कर्तव्य निश्चित समयमा नै गर्ने अठोट हुनुपर्छ

जनप्रिय बन्न चाहने व्यक्तिले जुनसुकै राम्रो काम गर्दा पनि करकापमा परेर होइन आफ्नो हृदयदेखि ध्यान लगाई काम गरेको हुन्छ । नाम कमाउने हिसाबले नभई सेवाभाव राखेर कर्तव्य पालनलाई सम्झेर काम गरेको हुन्छ । आलटाल गरी देखावटी रूपमा नभई आफूले गर्ने भनी वचन दिएको कार्यलाई


Downloaded from http://dhamma.digital

समयमा नै पूरा गरिछोड्ने दृढ सङ्कल्प र अठोट लिई काम थालनी गरेको हुनुपर्छ ।

यसरी कर्तव्य पूरा हुनु नै सही अर्थमा धर्म हो । बुद्ध शिक्षाअनुसार आमा-बुबाले आफ्ना छोराछोरीप्रति गर्नुपर्ने कर्तव्यहरू यसरी रहेका छन्। शिक्षादीक्षा दिने, पालनपोषण गर्ने, योग्य व्यक्ति बनाउन मेहनत गर्ने, शील्पविद्या सिकाई जीवन धान्न सक्ने व्यक्ति बनाउनुका साथै इच्छा बुझी विवाह कर्म गरिदिने आदि ।

यसरी नै छोराछोरीहरूले पनि आफ्ना आमा-बुबाको गुण स्मरण गरी आफूले गर्नुपर्ने सेवा टहल र हेर विचार पुऱ्याउनुपर्छ । परस्पर कर्तव्य पालन भनेको यही हो । बुद्धले सिगालपुत्रलाई शिक्षा दिनुहुँदै भन्नुभएको थियो– "पति पत्नीबीच पनि परस्पर कर्तव्य पालन गरेर विश्वासपात्र बन्न सक्नुपर्छ । एक हातले कहिले पनि ताली बज्दैन, ताली बजाउनका लागि दुईवटा हात नै चाहिन्छ ।

यसरी नै साथीभाइबीच पनि आ-आफ्नो कर्तव्य पालन हुनु अत्यावश्यक छ । कर्तव्य पालन भएमा मात्र जीवन सुखमय हुनेछ । सदाचारी विवेकपूर्ण र धर्मानुकुल तथा सत्यवादी बनी आ-आफ्नो कर्तव्य पूरा गर्ने व्यक्ति मात्र समाजमा जनप्रिय व्यक्तिको रूपमा चिनिन सकिनेछ ।

☆

# अज्ञानी वक्कली बोध भयो

बुद्धले प्रचार गर्नुभएको धर्मका गुणहरू ६ वटा छन् । ती हुन्–

१. बुद्धले राम्ररी अभ्यास र अनुभव गरिसकेपछि मात्र अरूलाई बताउनुभएको धर्म हो यो ।

२. यस धर्मलाई राम्ररी अभ्यास गरी व्यवहारमा प्रयोग गर्न सकेको खण्डमा यही जन्ममा फल पाउन सकिनेछ र यसको प्रभाव देख्न सकिनेछ । मरिसकेपछि फल चाख्न पाइएला कि भनी पर्खन पर्दैन ।

३. फल पाउनका लागि धेरै समय पर्खन पर्दैन । यथाशिघ्र प्रतिफल पाइनेछ ।

४. सबैलाई यहाँ आई हेर र अनुभव गर भनी देखाउन सकिने धर्म हो यो । त्यसैले यो धर्म सार्वजनीन धर्म हो ।

५. दु:ख मुक्ति मार्गमा लाने धर्म हो यो ।

६. बुद्धिमान व्यक्ति आफैले अभ्यास गरी बुझ्नुपर्ने धर्म हो यो ।

"उपरोक्त ६ वटा धर्मगुणहरूमध्ये पच्चत्तं वेदितब्बो विञ्ञूहीति" अर्थात् विद्वान्वर्ग आफैले विचार र मनन गरी


Downloaded from http://dhamma.digital

बुझ्नुपर्ने धर्म हो भन्ने विषयमा हामीले ध्यान दिनु आवश्यक छ। हुनत हामीलाई धर्म बुझाइदिने र ठीक मार्ग देखाइदिने गुरु वा कल्याणमित्र त चाहिन्छ नै। तैपनि आफैले धर्मलाई महसुस गरी अनुभव गर्न नसकेसम्म कोही पनि व्यक्ति सुधिन सक्दैन। कसैले कसैलाई सुधार्न कदापि सक्दैन । आफैले आफ्ना गल्तीहरूलाई स्वीकार्न नसकेसम्म उ बोध हुन सक्दैन। अर्को अर्थमा भन्ने हो भने म अज्ञानी रहेछु भनी आफ्नो अज्ञानतालाई आफै महसुस गर्न सकेपछि मात्र अज्ञानी व्यक्ति असल मानिस बन्न सक्नेछ । यो कुरोलाई बुझ्नका लागि बुद्धकालीन एक अज्ञानी युवकको घटनात्मक कथा यहाँ प्रस्तुत गर्दैछु ।

वक्कलि नाम गरेका युवक एकजना साहुका छोरा थिए। संयोगवश एक दिन बाटोमा बुद्धसँग उसको जम्का भेट भएछ। बुद्धको सुन्दर रूप देखेर उ ज्यादै प्रभावित र मोहित हुन पुगेछ।

संसारमा विभिन्न कारणले मोहित र प्रभावित बन्ने चार प्रकारका व्यक्तिहरू छन्। ती यसरी छन्–

१. कसैको सुन्दर रूप देखी मोहित बन्ने व्यक्ति
२. कसैको सुमधुर स्वर सुनी मोहित बन्ने व्यक्ति
३. कसैको सादा जीवन देखी मोहित बन्ने व्यक्ति
४. कसैको धार्मिक आचारणबाट मोहित बन्ने व्यक्ति

यी चारै विशेष लक्षणहरू बुद्धमा विद्यमान रहेको थियो। गौतम बुद्धको अति सौम्य अनुहार, मधुर स्वर, सादा जीवन र उहाँको धार्मिक आचरण देखी मानिसहरू प्रभावित र आशक्त

हुने गर्थे ।

वास्तवमा उहाँको धार्मिक आचरणले प्रभावित भए जस्तै आफूले पनि केही अंशमा भए पनि धार्मिक जीवन जिउने आदर्श लिनुपर्ने हो । आफ्नो आचरणमा संलग्न कमी कमजोरीहरूलाई हटाई असल आचरणको अभ्यास गर्न सक्नुपर्ने हो ।

धेरैजसो व्यक्तिहरू उहाँप्रति श्रद्धा पोख्दै यसरी पूजा र सम्मान गर्ने गर्छन्–

*"पूजेमि बुद्धं कुसुमेन नेन पुञ्ञेन मेतेन च होतु मोक्खं ।*
*पुप्फं मिलायाति यथा इदम्मे कायो तथा याति विनासभावं ॥"*

अर्थात्– मैले बुद्धलाई श्रद्धापूर्वक यस फूलले पूजा गर्नुको अर्थ नै दुःखबाट मुक्त हुनका लागि र जसरी यो फूल अहिले सुन्दर र प्रफुल्लित रहे पनि यही फूल अपराह्नपछि ओइलिएर जानेछ, यसरी नै मेरो यो शरीर परिवर्तनशील भएकाले यो अनित्य हुँदै गइरहेको सत्य तथ्य स्वभाव धर्मलाई देख्न र बुझ्न सक्नुका लागि हो ।

तर युवक वक्कलि अनित्य स्वभाव धर्मलाई बुझ्ने उद्देश्यले भिक्षु बनेको रहेनछ । उसलाई आफ्नो आचरण शुद्ध पार्नुपर्ने विषयमा पनि ध्यान गएको रहेनछ। उसले त केवल बुद्धको सुन्दर रूप एकोहोरिएर नियालिरहन पाउने आशाले मात्र भिक्षुत्व ग्रहण गरेको रहेछ । त्यसैले उसले गौतम बुद्धसमक्ष सालिक जस्तै हलचल नगरी बस्ने र बुद्धको अनुहार नियालिरहने गर्न थाल्यो । त्यति मात्र होइन उसले कहिले बुद्धको नजिकै बस्ने त कहिले


Downloaded from http://dhamma.digital

दायाँ त कहिले बायाँ बसी जहाँ बस्दा बुद्धलाई राम्ररी देख्न सकिन्छ त्यहाँ बसी टोलाउँदै बुद्धको अनुहार हेरिरहने गर्न थाल्यो। उसको यो अनौठो व्यवहारले वरपर बस्ने बुद्धको उपदेश सुनिरहेका श्रोताहरूलाई अप्ठ्यारो पर्न गयो । यसरी भिक्षु वक्कलिले आफ्नो आचरणतर्फ ध्यान दिन नसकेको कारणले राम्ररी ज्ञान हासिल गर्न सकेन ।

उसको यस्तो मूर्खतापूर्ण व्यवहारलाई दृष्टिगत गर्नुहुँदै गौतम बुद्धले विचार गर्नुभयो– "यो युवक त ज्यादै अज्ञानी रहेछ। यसलाई होश दिनुपर्‍यो र अर्ती दिनुपर्‍यो ।" यति विचार गर्नुहुँदै गौतम बुद्धले भिक्षु वक्कलिलाई सम्बोधन गर्नुहुँदै भन्नुभयो–

"ए वक्कलि ! यो मेरो शरीरभित्र त मलमूत्रले भरिएको छ । म मरेपछि यो शरीर कुहिएर जानेछ । कुहिएर जाने मेरो यो शरीरलाई नियाल्दै मोहित बनिरहनुमा के फाइदा छ तिमीलाई ? मलाई सही अर्थमा देख्ने इच्छा छ भने तिमीले धर्मअनुसार आफ्नो आचरण शुद्ध पार्ने अभ्यास गर किनभने जसले धर्मलाई देख्न सक्छ उसले मात्र मलाई देख्न सक्नेछ ।" *"यो धम्मं पस्सति सो मं पस्सति" "इमाय धम्मानु धम्म पटिपत्तिया बुद्धं पूजेमि, धम्मं पूजेमि, सङ्घं पूजेमि ।"*

यसरी धर्म आचरणद्वारा बुद्ध, धर्म र सङ्घलाई पूजा गर्ने अभ्यास गर्नू । धर्म आचरण नगरीकन यहाँ के गरिरहेका छौ तिमी ? जाऊ बाहिर, यहाँ नबस ।

बुद्धले यसरी गालि गर्नुभएपछि अज्ञानी भिक्षु वक्कलि झसङ्ग ब्यूँझेजस्तै खङ्ग्रङ्ग हुन पुग्यो । अनायास उसको शरीरमा तातो पानी खन्याइएको जस्तो असजिलो अनुभव गऱ्यो उसले । उसको मगजमा भुइँचालो जान थाल्यो । उसले सोच्न थाल्यो– "म त बुद्धको सुन्दर अनुहार दर्शन गरिरहनका लागि मात्र भिक्षु बनेको । उहाँसमक्ष नै बस्न नपाउने हो भने म किन बाँचिरहनु ? अब मैले बाँचिरहनुको कुनै अर्थ नै रहेन नि ! मर्न जान्छु अब म ।"

यति विचार गरी उसले एउटा रूखमुनि गएर आत्महत्या गर्ने प्रयत्न गर्न थाल्यो । तर यो खबर बुद्धसमक्ष पुगेछ । फलस्वरूप बुद्ध स्वयं भिक्षु वक्कलिकहाँ पुग्नुभयो । उहाँले मूर्ख भिक्षु वक्कलिप्रति मैत्रीभाव राख्नुहुँदै उसको शिरमा हातले सुम्सुम्याउँदै भन्नुभयो– "ए वक्कलि ! तिमी त कति अज्ञानी रहेछौ । चतुआर्य सत्यमा उल्लेखित दुःख छ, दुःखको कारण अज्ञानता र आशक्ति हो भन्ने कुरालाई बुझ्ने प्रयास नगर्नु । यही अज्ञानता र आशक्तिपनाको कारणले तिमीलाई दुःख भइरहेको छ ।"

यसरी बुद्धले भिक्षु वक्कलिलाई प्रतित्य समुत्पाद (कारण-कार्य) को विषयमा सरल ढङ्गले व्याख्या गर्नुभयो ।

"इमस्मिं सति इदं होति- यसको कारणले यो भयो, इमस्स उप्पादा इदं उप्पज्जति- यसको उत्पन्न भएको कारणले यसको उत्पन्न भयो आदि आदि ।"


Downloaded from http://dhamma.digital

बुद्धको उपदेश सुनिसकेपछि वक्कलिको आँखा उघ्रिएको जस्तै हुन थाल्यो। बिस्तारै उसले आफ्नो मूर्खताको आभास पाउन थाल्यो। आफ्नो भूल स्वीकार्दै अज्ञानता हटाउन सफल हुन थाल्यो उ। बोध हुन सफल हुँदै उसले विचार गर्न थाल्यो– "बुद्धले मलाई मन नपराएको त रहेनछ नि। म ज्यादै अज्ञानी भएको रहेछु। मैले धर्मको सही अर्थ बुझ्न नसकिरहेको रहेछु। बुद्धले दिनुभएको सही ज्ञान बुझ्न नसकेको कारणले म अबोध मूर्ख बन्न पुगेको रहेछु।"

यसरी भिक्षु वक्कलिको हृदय परिवर्तन हुन थाल्यो। विपश्यना ध्यान अभ्यास गर्दै अन्तर्मुखी भएर उसले आफूलाई चिन्ने कोसिस गर्दागर्दै आफूमा रहेका कुसंस्कार, विकार आदि सबै फाल्न सफल भए। अर्को अर्थमा भन्ने हो भने उसले आफूमा रहेका खराब बानी व्यवहारहरू फाली शुद्ध चित्त सहितको मुक्त व्यक्ति अर्हन्त र निर्दोष व्यक्ति बन्न सक्यो।

यसरी एक मूर्ख अज्ञानी व्यक्तिले बुद्धको सही शिक्षा अनुमोदन गर्न सकेको कारणले बोध भई असल मानिस बन्न सफल भयो।

☆


Downloaded from http://dhamma.digital

# बुद्धको करुणा

करुणा चित्त हुनु मानव जातिको ठूलो गुण धर्म हो । दुःखीहरूप्रति दयाभाव राख्ने स्वभावलाई करुणा भनिन्छ। अर्को शब्दमा भन्ने हो भने अरूको दुःख देखेर आफ्नो हृदय कम्प हुने स्वभावलाई करुणा भनिन्छ। धेरैजसो मानिसहरूमा शुद्ध चित्त सहितको करुणा कम मात्रामा मात्र देखिन्छ। तैपनि समाजमा करुणा चित्त सहितका व्यक्तिहरूको अभाव चाहिँ छैन । यहाँ बुद्धको करुणा चित्तबारे उल्लेख गर्न खोजिएको छ। यसका लागि बुद्धकालीन घटना प्रस्तुत गर्दैछु ।

एक महिलाको विवाहपश्चात् एउटा छोरो पाएर केही वर्षपछि नै उसको पतिको देहावसान भएछ । त्यसैले उनीहरू जीविका निर्वाह गर्नलाई सार्‍है कठिन भई बाँच्नलाई मुश्किल परेछ । यही कारणले ती महिलाले आफ्नो बालक छोरोलाई साथमा लिएर अर्कै एक पुरुषसँग विवाह गर्न पुगिन्। शुरुशुरुमा त्यस व्यक्तिले त्यो केटालाई खूब माया पनि गरेछ । तर केही वर्षपछि आफ्नी श्रीमतीले अर्को छोरो जन्माइन् । बच्चा ज्यादै राम्रो र रहरलाग्दो हुनु साथै आफ्नै छोरो भएको नाताले त्यस लोग्ने मानिसलाई आफ्नै छोरोप्रति बढी माया लाग्नु स्वाभाविक


Downloaded from http://dhamma.digital

नै भयो । फलस्वरूप पहिलो छोरोप्रति बिस्तारै माया हराउँदै गयो । आफ्नी श्रीमती बाहिर गएको बेलामा त्यस व्यक्तिले ठूलो छोरोलाई राम्ररी खाना पनि नदिने र पिट्ने पनि गर्न थाल्यो । त्यस्तै आफ्नी आमा फर्कने बित्तिकै बिचरो दुःखी बालकले रुँदै आमालाई यसरी गुनासो पोख्न थाल्यो– "बाले मलाई पिट्नुहुन्छ मात्रै, खाना पनि दिनुहुन्न । तपाईंले कस्तो मान्छेसँग विवाह गर्नुभएको ?"

आफ्नो ठूलो छोरोको दुःखलाई सहन नसकी त्यस स्त्रीले आफ्नो लोग्नेलाई सोधिन्– "तपाईंले ठूलो छोरोलाई विनाकारण किन पिट्नु हुन्छ ? मैले पहिले नै भनेकी थिएँ नि यस बालकलाई माया गर्ने हो भने मात्र तपाईंसँग विवाह गर्छु भनेर ।" श्रीमतीको यस्तो कुरा सुन्ने बित्तिकै त्यस व्यक्तिलाई ठूलो चाहिँ छोरोसँग रिस उठेछ । उसले यसरी विचार गऱ्यो– "अलिहेदेखि नै यस केटोले आफ्नी आमालाई चुक्ली लगाई झगडा गराउन जानिसक्यो । यस केटोलाई घरमा राखेर ठीक हुँदैन यसलाई मार्न सके मात्र ठीक हुनेछ ।"

एक दिन केटोको आमा काम विशेषले बाहिर गइराखेको मौका पारी त्यस सौतेनी बुबाले ठूलो छोरोलाई नयाँ लुगा लगाई घुम्न जाने बहाना बनाई फकाएछ । केटो पनि खुशी हुँदै विचार गरेछ– "मेरी आमाले बुबालाई सम्झाउनुभएको कारणले मलाई बुबाले अहिले पहिलाभन्दा माया गर्नुभयो ।" यसरी खूब प्रसन्न भई सौतेनी बुबासँग बाहिर घुम्न निस्कियो ।


Downloaded from http://dhamma.digital

त्यस दिन सौतेनी बुबाले त त्यस केटोलाई एक सुनसान स्मशानमा लगेर फालिएको एक मृत शरीरमाथि केटोलाई सुताई डोरीले बेस्करी बाँधेर त्यहाँबाट आफ्नो घर फर्क्यो । घाम अस्तायो, अलिअलि अँध्यारो हुन थाल्यो । राती स्याल कराउन थाल्यो । केटो आत्तिएर डराउँदै "मलाई कसले रक्षा गर्छ ? मलाई बचाऊ" भन्दै चिच्याएर रुन थाल्यो । त्यही समय अचानक गौतम बुद्ध त्यही बाटो हुँदै आइरहनुभएको थियो । केटो आत्तिएर रोइरहेको आवाजले बुद्धको ध्यान आकर्षित गर्न थाल्यो । फलस्वरूप बुद्ध उतैतिर लाग्नुभयो र मूर्दामाथि बाँधिएको केटोको नजिक गई भन्नुभयो– "तिमीले केही पीर लिनु पर्दैन । म तिमीलाई नै बचाउन आइरहेको छु ।" यति भन्नुहुँदै उहाँले बाँधिराखेको डोरी फुकालेर केटोलाई मुक्त गरिदिनुभयो र उसलाई आफ्नै साथमा जेतवन विहारमा लानुभयो । केटोलाई नुहाउन लगाएर पहेंलो चिवर लगाई प्रव्रजित गरिदिनुभयो । केटो त्यसबेला सात वर्ष उमेरको भइसकेको थियो । यसरी केटोले प्रव्रजित जीवन पाई उसले आफ्नो पुनर्जन्म (नयाँ जीवन) पाएको महसुस गर्न थाल्यो ।

उतापट्टि केटोको आमाचाहिँ घर फर्किंदा आफ्नो जेठो छोरोलाई नदेखेपछि पीर मान्दै आफ्नो लोग्नेसँग सोध्न पुगिन्– "ठूलो छोरो कता गयो ?"

लोग्नेले भन्यो– "अघिदेखि नै खेल्न गएको खै, अहिलेसम्म घर फर्केको छैन । खेल्न पल्केको बच्चा कहाँ छिटो घर फर्किन्छ र ?" यो कुरो सुनेर बालकको आमालाई शङ्का हुन थाल्यो ।


Downloaded from http://dhamma.digital

उनको मनले शान्ति पाउन नसकी बाहिर गएर खोज्न पुगिन् । तर केटोलाई पाउन नसकी निराश हुँदै दु:खी मनले हिँडिरहेकी उनलाई देखेर एकजना मानिसले भन्यो– "तिम्रो छोरोलाई त भगवान् बुद्धले लानुभयो ।"

यो कुरा सुनी हतारिँदै भगवान् बुद्धसमक्ष पुगिन् र सोधिन्– "मेरो छोरो तपाईंले ल्याउनुभएको रे, हो ?"

बुद्धले भन्नुभयो– "तिम्रो छोरो यही हो। तिमी फर्काइ लान चाहन्छौ भने लैजाऊ। होइन यहीं छोडेर जान्छौ भने पनि ठीकै छ ।"

बुद्धको कुरा सुनी केटोको आमाले आश्चर्य मान्दै सोधिन्– "मेरो छोरा कसरी यहाँ आइपुग्यो ?"

बुद्धले पनि भएभरको सबै कुरा बताउनुभयो । बुद्धको कुरा सुनिसकेपछि केटोको आमाले रुँदै हात जोडेर भनिन्– "भो भगवान् ! तपाईंले मेरो छोरोप्रति ठूलो करुणा राखी रक्षा गर्नुभयो। मैले यस बालकलाई तपाईंकै शरणमा छोडेर जाँदैछु।" यति भनी उनी खुशीसाथ मन आनन्द पारी घर फर्किन् ।

यस घटनाले के स्पष्ट हुन्छ भने समाजमा धेरैजसो सौतेनी आमाको स्वभाव मात्र होइन सौतेनी बुबाको स्वभाव पनि नराम्रो हुने गर्दो रहेछ। तर यहाँ बुद्धको करुणा चित्तले गर्दा झन्डै ज्यान गुम्न लागेको केटाको ज्यान बच्यो। धन्य हो बुद्धको करुणा चित्त !

☆



Downloaded from http://dhamma.digital

# बूढो नभएसम्म भलो हुने गुण धर्म

एक दिनको कुरा हो– बुद्धसमक्ष एकजना विद्वान्ले यसरी प्रश्न सोधेछ- "गौतम ! आफू बूढो नभएसम्म आफ्नो भलो हुनका लागि के गर्नु पर्दोरहेछ ?"

बुद्धको उत्तर थियो– "बूढो नभएसम्म आफ्नो भलो चाहने व्यक्ति शील सदाचार गुणले सम्पन्न हुनुपर्दछ । अर्थात् बानी व्यहोरा राम्रो हुनु नै बूढो नभएसम्मका लागि भलो हुने गुण हो ।

पालि साहित्य (संयुक्त निकाय) मा व्याख्या गरिएअनुसार जीवन सुखमय बनाउनका लागि शील आचरण र चरित्र राम्रो हुनुपर्छ । नैतिकवान हुनु दृष्टि सोझो र पवित्र हुनु, घमण्डी नबन्नु, आफूमा नभएका गुणहरूलाई पनि आफूमा भएको जस्तो गरी झूटो आडम्बरी नदेखाउनु, अरूलाई बाधा नपर्ने गरी बाँच्न सक्नु, अरूको विश्वास पात्र बन्न सक्नु अर्थात् छलकपटी नबन्नु र कोमल स्वभाव हुनु आदि शील सदाचारमा समाविष्ट गुणहरू हुन् । मानिसको व्यक्तित्व पनि यी गुणहरूमा आधारित हुन्छन् ।

माथि उल्लेख गरिएका नैतिक गुणहरूमध्येबाट केही अंश भए पनि मानिसहरूमा समावेश होस् भन्ने मनसाय र उद्देश्य


Downloaded from http://dhamma.digital

राखेर नै संघ-संस्थाहरू स्थापना गरेर धर्म प्रचार गर्ने गरिन्छ। यसका लागि संघ-संस्थाका पदाधिकारीहरूमा पनि ती राम्रा नैतिक गुणहरूमध्ये केही गुणहरू (महत्त्वाकांक्षी भावना नहुनु, मादक पदार्थ सेवन नगर्नु, घमण्डी नबन्नु र आफ्नो मात्र प्रभुत्व जमाउन नखोज्नु) समावेश हुनु आवश्यक देखिन्छ। यी बाहेक धर्म प्रचारका अरू माध्यमहरू प्रवचन, पूजाआजा र पुस्तक प्रकाशन आदि पनि अभिन्न अङ्ग हुने। यसका अतिरिक्त बूढो नभएसम्म आफ्नो भलो चाहने हो भने बुद्धले बताउनुभएको शिक्षा सदाचारी बन्नुलाई कदापि बिर्सनु हुँदैन। धर्म प्रचारको ठोस माध्यम मालिक बनेर होइन, सेवक बनी कार्य गर्नुलाई मानिन्छ।

बुद्धको धर्म भन्नु नै खासगरी वर्तमान जीवनलाई कलङ्क रहित बनाई निर्वाह गरेर बस्ने जीवन पद्धति हो। यसैले बुद्धको शिक्षा र उपदेशलाई मरिसकेपछि सुखी हुनका लागि भनी ठान्नु मूर्खता ठहरिनेछ, किनभने वर्तमान जीवन सुखी र सफल नभएसम्म भविष्य उज्ज्वल हुन सक्दैन। त्यसैले यसका लागि मानिसको जीवन चरित्र, बानी, व्यहोरा र रहनसहन राम्रो हुन अनिवार्य देखिन्छ। रहनसहन राम्रो हुनु भनेको विलासी जीवन बिताउन सक्नुलाई भनिएको होइन। राम्रो आचरण सहितको राम्रो बोली वचन भएजस्तै निःस्वार्थ र शुद्ध चित्तले काम गर्न सक्नुलाई भनिएको हो। त्यसैले बुद्धले शीलाचरण राम्रो हुनुपर्छ भन्ने कुरामा जोड दिनुहुँदै आध्यात्मिक शक्ति नै नैतिक बलमा निहित भएको कुरा बताउनुभएको छ।


Downloaded from http://dhamma.digital

आजकाल त शील सदाचार भन्नु नै पञ्चशील प्रार्थना गर्नु हो भन्नेमा सीमित रही त्यसलाई पालना गर्ने कार्यतिर ध्यान दिएको देखिंदैन । त्यसैले शील विषयमा अझ विस्तृत अध्ययन र चर्चा गरौं ।

शील भनेको नराम्रो काम नगर्नु मात्र होइन र राम्रो काम गर्नु मात्र पनि होइन । यसका अतिरिक्त आफू-आफूमा व्याप्त रहेको सङ्कीर्ण विचारधारलाई त्यागी आफ्नो मनलाई शुद्ध पार्नु पनि हो। अनि मात्र सबैको भलाइ हुनेछ। यही सन्दर्भमा चीनको एउटा घटना यहाँ उल्लेख गर्न चाहन्छु ।

एकजना चिनिया भिक्षु तावलिङ्ग रूखको हाँगामा आसन जमाइ ध्यान गरिरहेका थिए। एक दिन एकजना दार्शनिक पो-चु-ई (वर्तमान जीवनबाट टाढा रहेको परलोक र यो किन कसरी निर्माण भयो आदि विषयमा चिन्तन गरिरहने व्यक्ति) तावलिङ्ग भिक्षुलाई देखेर "खतरा ! खतरा !!" भन्दै कराउन थालेछ। यस शब्दलाई सुन्ने बित्तिकै रूखमाथि बसिरहेका भिक्षु पनि खतरा ! खतरा !! भन्दै कराउन थाल्यो। अनि दार्शनिकले आश्चर्य मान्दै सोधेछ– "होइन, हामी जमीनमा बस्नेहरू त त्यसै पनि सुरक्षित छौं नि ! हामीलाई यहाँ कुनै खतरा नै छैन। तिमी रूखमाथि बसिरहेकाले तिमीलाई मात्र खतरा भएको छ। उल्टो तिमीले मलाई खतरा भन्दै किन गिज्याउँछौ हँ ?"

रूखमाथिको भिक्षुले भन्न थाल्यो– "रूखमाथि बस्नेलाई भन्दा रूखमुनि बस्ने व्यक्तिलाई रिङ्गटा लागेको देखियो। त्यसैले


Downloaded from http://dhamma.digital

जसको ध्यानसमाधि बलियो हुन्छ, उसलाई जहाँ बसे पनि खतराको अनुभव हुँदैन र उ जहाँ बसे पनि सुरक्षित हुनेछ । किनभने उसको मन स्वच्छ र पवित्र हुन्छ । तर जब मानिस चेतनाहीन हुन्छ, उसको ज्ञान परिपक्व हुने छैन । त्यो व्यक्ति रूखमाथि त के ढुङ्गाको गुफाभित्र लुकेर बसे पनि सुरक्षित हुँदैन ।

यसरी रूखमा बसेर निर्भिक र सत्य कुरा गर्दैरहेको भिक्षुलाई देखेर दार्शनिक पो-चु-ई छक्क पर्दै भिक्षुसँग प्रश्न गऱ्यो– "तपाई को हुनुहुन्छ ?"

भिक्षुले भन्यो– "बुद्धको शिक्षा प्रचारक भिक्षु हुँ ।"

दार्शनिक– "त्यसोभए बुद्धको मूल शिक्षा के रहेछ ? मलाई पनि बताउनुहोस् ।"

"लौ त ध्यान दिएर सुन्नुहोस् । नराम्रो काम नगर्ने, असल कामको अभ्यास गर्ने र आफ्नो चित्तलाई शुद्ध पार्दै जाने । यही नै बुद्धको मूल शिक्षा हो ।" भिक्षुले भने ।

दार्शनिक पो-चु-ई निराश हुँदै भन्न थाल्यो– "त्यो कुरा त भर्खर तीन वर्षे बालकलाई पनि थाहा छ । यस्तो पनि बुद्ध शिक्षा हुन्छ ?"

भिक्षुले भन्यो– "तीन वर्षे बालकदेखि सय वर्षे बूढोले समेत थाहा पाएका यी तीन कुरालाई आफ्नो जीवनमा अभ्यास गर्ने व्यक्तिहरू कतिजना छन् त ? धेरै कम मात्र छन् भने पनि केही फरक पर्दैन ।"


Downloaded from http://dhamma.digital

दार्शनिकले विचार गरेर भन्यो– "अहो ! बुद्धको मूल शिक्षालाई बुझ्न त सजिलो रहेछ । बुझ्ने जस्तै शिक्षालाई पालन गर्नेहरूचाहिँ धेरै कम रहेछन् । किनभने यस शिक्षालाई बुझ्न सजिलो भए जस्तो पालन गर्ने कार्य मामुली रहेनछ । भन्न सजिलो गर्न गाऱ्हो भनेको यही रहेछ ।

☆

Dhamma.Digital


Downloaded from http://dhamma.digital

# राम्रो काम गरेर कर्म थप्न सकिन्छ

मानिसको मृत्यु चार प्रकारले हुने गर्दछ– १. आयु सकेर, २. कर्म सकेर, ३. आयु र कर्म दुवै सकेर, र ४. दुर्घटनाले (अकाल) मृत्यु हुने गर्दछ ।

यहाँ कर्मक्षय भएर मृत्युबारे अथवा कर्मक्षय भएको बेला धर्मकर्म अथवा परोपकार हुने राम्रो काम गरेर कर्म थप्न सक्छ । आयुक्षय भएको बाँच्न सक्ने कुनै उपाय छैन । औषधी गरेर वा धर्मकर्म गरेर बाँच्ने छैन । अपवाद स्वरूप धर्म ग्रन्थमा पालि अर्थकथामा पनि आयु क्षय भएको अवस्थामा धर्मकर्म गरेर आयु बढेको कथा पढ्न पाइन्छ । यो पुरोहितवादको कथा हो ।

यहाँ परोपकार गरेर क्षय भएको कर्म थप्न सक्नेबारे पालि साहित्यको आधारमै लेख्दैछु । बौद्ध साहित्यअनुसार दियोमा तेल सिद्धिंदा थप्न भए जस्तै कर्म सिद्धिइसकेकालाई धर्मकर्म गरेर कर्म पनि थप्न सकिन्छ । उदाहरणका लागि एउटा कथा अगाडि राख्छु–

पहिला-पहिलाको कुरा हो । एक दम्पतीको एउटा छोरो थियो । उसलाई टाढा एउटा ठाउँमा गुरुकुल (छात्रावास) मा


Downloaded from http://dhamma.digital

राखेर पढाइराख्यो। त्यहाँ पढाउने गुरु नक्षत्र वा ज्योतिषशास्त्रमा पारङ्गत भइसकेका थिए। उसले बच्चाहरूको मुख हेरेर "कति बाँच्ने रहेछ" भन्न सक्दोरहेछ।

एक दिन पढाइरहेको बेलामा त्यही केटाको मुख हेरेर विचार गऱ्यो गुरुले- 'यो केटा त सातदिन मात्र बाँच्छ। कर्मक्षय भइसकेको छ। यहीं मऱ्यो भने यस स्कूलको नाम जान्छ। बदनाम हुने। त्यसैले उसलाई घर पठाइदिनु पऱ्यो।' यस्तो मनमा सोचेर त्यस केटालाई बोलाएर भन्यो– "बाबु, तिम्रो आमा-बाले एउटा चिठी पठाउनुभएको छ। तिमीलाई छिट्टै घर आऊ रे।"

केटोलाई हो भन्ने लाग्यो र उसले भन्यो– "त्यसो भए गुरु म जान्छु। मसँग बाटो खर्च छैन।"

त्यस केटाको घर पुग्न चार दिन लाग्थ्यो। गुरुको मनमा थियो- 'चार दिनपछि ऊ घर पुग्नेछ, अनि त्यसको तीन दिनपछि ऊ मर्छ।' गुरुले बाटो खर्च र खानेकुरा दिई पठायो।

केटो सरासर गइरहेको थियो। जङ्गलभित्र एक ठाउँमा एकजना साधुमहात्मा रूखबाट खसेका बिग्रेका फलहरू बटुलिरहेको देख्यो। केटोले रूखमा राम्रा-राम्रा फलहरू फलिरहेको देख्यो। साधु महात्मासँग सोध्यो– "रूखमा राम्रा फलहरू भएर पनि तपाईं किन ती बिग्रेका फलहरू बटुलि-रहनुभएको हो?"

महात्माले भन्यो– "कसैले नदिएसम्म नलिनु हाम्रो नियम हो। यी खसेका फलहरू रूखले दिएको हुनाले बटुलिरहेको हुँ।"


Downloaded from http://dhamma.digital

केटोले भन्यो– "मैले टिपेर दिएँ भने लिनुहुन्छ कि हुन्न ?"

साधु महात्माले भन्यो– "तिमीले टिपेर दिए किन नलिनू।" केटाको उसको डालो लिएर रूखमा चढेर राम्रा-राम्रा पाकेका फलहरू टिपेर त्यसमा राखेर महात्मालाई दियो।

त्यो महात्माले विचार गऱ्यो- 'थुप्रै मानिसहरू यहाँ आउँछन्, जान्छन् तर कसैले मलाई वास्ता गर्दैनन्। यो केटोमा कस्तो धर्म चेतना भएको। महात्माले केटोलाई "जय होस्, दीर्घायु होस्" भनेर आशीर्वाद दियो।

केटो पनि खुशी हुँदै गयो। उसले एउटा पोखरीमा पानी सुकिराखेको देख्यो। माछा छटपटाइरहेका थिए त्यसमा। उसले ती माछाहरूलाई पानी भएको पोखरीमा राख्न चाह्यो। यताउता खोज्न जाँदा एक ठाउँमा एउटा पोखरी भेटिएछ र उसले ती माछाहरूलाई त्यहाँ लगेर राख्यो। माछाहरूले पुच्छर चलाएर नाचेको देख्दा त्यस केटोलाई खूब मज्जा लाग्यो। उफ्रेर हिँड्न थाल्यो।

एउटा खोलामा पुगेपछि उसले बाँसको पुल एउटा देख्यो। त्यो पुल बिग्रिसकेको थियो। त्यसबाट हिँडेमा कुनै पनि बेला त्यो पुल खोलामा खस्न सक्थ्यो। कतैतिर बाँस होला कि भनेर यताउता खोज्न गयो। चार-पाँचवटा बाँस खोजेर ल्याएर त्यो बिग्रेको पुललाई फेरी नयाँ बनाइदियो। बटुवाहरूले जय होस्, दीर्घायु होस् भनी आशीर्वाद दिए।

त्यहाँबाट पनि उ सरासर गएर घर पुग्यो। आमाचाहिँ


Downloaded from http://dhamma.digital

घरबाहिर बसिरहेकी थिई । उसलाई देख्नासाथ भनिहाली– “ए लुच्चा पढ्न सिद्धिएको छैन, किन फर्किस् ? बदमास भएकोले गुरुले पठाइदियो कि ?”

केटोले भन्यो– “आफूहरूले नै ‘घरमा छिट्टै आउनू’ भनेर चिठ्ठी पठाउने, फेरि मलाई नै लुच्चा भन्ने ?”

आमाचाहिँले भनिन्– “हामीहरूले चिठ्ठी पठायौं भनेर कसले भन्यो ?”

केटोले जवाफ दियो– “गुरुले भनेको, तिम्रा आमाबुबाले तिमीलाई हेर्ने उत्सुक भइरहेको छ, तिमी छिट्टै घर आऊ रे ।”

आमाचाहिँलाई छोराको रूप देखेर माया लाग्यो । छोरा दुब्लाएको रहेछ । त्यसैले पठाइदिनुभएको होला भन्ने विचार गरिन् । छोरोलाई खाना मीठो छैन भनेर सोधिन् ।

केटोले जवाफ दियो– “त्यतिका केटाहरू भएको गुरुकुलमा पनि खाना मीठो होला त ?”

आमाचाहिँले भनिन्– “भइगो त, एक महिना जति बसेर मीठो खाना खाएर मोटाएर जाऊ ।”

गुरुको शास्त्रअनुसार केटो सात दिनपछि मर्नुपर्ने, एक महिना बित्दा पनि मरेन । यो कुरा केटोलाई पनि थाहा थिएन र केटोको आमाबुबालाई पनि थाहा थिएन ।

एक महिनापछि केटो फेरि गुरुकहाँ गयो । गुरुले टाढैदेखि त्यो केटो आइरहेको देख्यो । उसले यो घटना साँच्चै भइरहेको हो वा सपना मात्रै हो छुट्टयाउन सकेन । भूत भएर आएको त


Downloaded from http://dhamma.digital

होइन ? मेरो शास्त्र झूटो त हुन सक्दैन। के भएको बुझ्न नसकेर वाल्ल परिरह्यो। फेरि विचार गऱ्यो– 'त्यो केटोले धर्म गऱ्यो होला, त्यसैले यसको सिद्धिएको कर्म फेरि थप्यो।' केटो अगाडि आएर टाउको निहुऱ्याएर नमस्कार गऱ्यो। गुरुले सोध्यो– "तिमीले के धर्म गरेर आयौ ?"

केटोले भन्यो– "केही पनि धर्म गरेर आएको छैन।" गुरु झन् लाटो भयो। फेरि भन्यो– "तिमीले पक्कै पनि धर्म गरेर आएको छ पाप गरेको भए पो लाज मान्नुपर्छ। धर्म गरेर पनि भन्न लाज मान्नुपर्छ ?" केटोले धरोधर्म कुनै पनि धर्म गरेर आएको छैन भनेर किरिया नै हाल्यो। गुरु झन् पक्क भयो। फेरि भन्यो– "त्यसो भए तिमी यहाँबाट गएदेखि तिमीले के के गऱ्यौ मलाई भन।"

केटोले आफू जाँदा बाटोमा साधु महात्मालाई फलहरू टिपी दिएको, माछाहरूलाई पोखरीमा राखिदिएको र बिग्रिसकेको पुल बनाइदिएको सबै कुरा सुनाउँदै भन्यो– "घरमा आमा बुबाको पनि राम्ररी सेवा गरें। यहाँ आउनु अगाडि मलाई केही पनि गर्न आउँदैनथ्यो। बदमास भनूँ वा अटेरी भएकोले मलाई यस छात्रावासमा राखिदिएको हो। मेरो स्वभाव बदलिएको देखेर मेरा आमाबुबा औधि खुशी हुनुहुन्छ। उहाँहरूको मनमा थियो कि पैसा खर्च गरेर यहाँ पठाएझैं छोरो पनि ज्ञानी भयो।"

यस्तो कुरा सुन्ने बित्तिकै गुरुले भन्यो– "तिमीले त धेरै धर्म गरेर आयौ। जङ्गलमा साधु महात्मालाई फलहरू टिपिदिएको,


Downloaded from http://dhamma.digital

माछाहरूलाई पोखरीमा राखिदिएको, बिग्रेको पुल बनाइदिएको यी सबै धर्म हो । सबभन्दा ठूलो धर्म त तिमीले आमाबुबाको सेवा गरेर आयौ । तिमी त कर्म सिद्धिसकेको मान्छे, धर्म गरेकाले बच्यौ ।"

केटोले भन्यो– "यस्तो काम पनि धर्म हो त ? म त फूल, धूप, चामल आदि राखेर देवताको पूजा गर्नु मात्र धर्म, होम-यज्ञ गर्नु मात्र धर्म हो भन्ठानेको थिएँ ।"

गुरुले भन्यो– "पूजा गर्नु भनेको साँच्चैको धर्म होइन, त्यो त देखावटी धर्म मात्र हो । अरूको उपकार हुने काम गर्नुलाई धर्म भनिन्छ । आजकाल आमाबुबालाई वास्ता नगर्ने छोराहरू छन् । सबै त होइनन् । तिमीले आमाबुबाको सेवा गरेर खुशी पारेर आयौ । आमाबुबाको आशीर्वाद लाग्यो तिमीलाई ।"

यो कथामा कर्म सिद्धिइसकेकाहरूलाई धर्म कर्म गरेर बचाउन सकिन्छ भन्ने कुरा स्पष्टसँग देखाइएको छ । धर्म कर्मको साथसाथै औषधी पनि गर्नुपर्दछ । आयु र कर्म दुवै बलियो भए तापनि लापरवाहीको कारणले क्यान्सर जस्तो रोग हुँदा विदेशमा गएर उपचार गराउनुपर्छ । गरीबहरू अकालले मर्न सक्दछन् । त्रिशुलीमा बस्नुभएका भिक्षु मेधंकरलाई पेटमा क्यान्सर हुँदा बैंकक लगियो । त्यहाँ औषधी गरेर एक हात जति आन्द्रा काटेर नक्कली आन्द्रा राखेर बचाइदियो । पर्खालबाट खसेर उहाँ अकष्मात् निधन भयो ।

बनेपाको ध्यानकुटीमा बस्ने श्रामणेर कवीन्द्रलाई पनि



Downloaded from http://dhamma.digital

क्यान्सर भएको थियो। नेपालका डाक्टरहरूले उहाँ छ महिना मात्र बाँच्छ भनेका थिए। तर उपचारार्थ बैंकक जानुभयो। उहाँ तीन-चार वर्षसम्म बाँच्न सफल हुनुभयो । त्यहाँ उपचार गराउँदा इन्जेक्सन एउटाको दुइ हजार पर्छ भन्यो। यहीं नेपालमै बसिराखेको भए साँच्चै नै औषधी पनि गराउन सक्दैनथ्यो, डाक्टरले भनेजस्तै ६ महिनाभित्रै मरिसक्थ्यो होला। श्रामणेर कवीन्द्रको शील स्वभाव मात्रै राम्रो होइन, भनेको कुरा पनि मान्नुहुन्छ, अनुशासन प्रिय थियो । अरूहरूको भनाइ छ– "उसको धर्म बलियो भएकाले नै उ चार-पाँच वर्ष बाँच्न सक्यो ।" त्यसैले हामीलाई धर्म पनि चाहिन्छ, पैसा पनि चाहिन्छ ।

☆

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# बुद्ध व्यवहारवादको पक्षपाती हुनुहुन्थ्यो

सिद्धार्थ गौतम बुद्ध भइसक्दा पनि समाजबाट अलग हुनुभएन। मानिसहरूको जीवन राम्रो पार्ने मनले, चरित्र सुधार र कलह नहुने शिक्षा दिनमा उहाँले सधैं ध्यान दिनुभयो। महापुरुषहरू धेरैजसो घरवार छोडिसकेपछि एकान्त जङ्गलमा जान्छन् र समाजबाट अलग हुन्छन्। बुद्धले चाहिँ कमलको फूलको उपमा दिएर भन्नुभयो– "कमलको फूल हिलोमा फुल्छ। तर कमल हिलो र पानीबाट अलग भएर रहन्छ।"

बुद्धको जीवन पनि त्यस्तै थियो। यसबाट के बुझिन्छ भने मानिसहरूको जीवन मानव समाजबाट अलग भएर एक्लै आनन्दले बस्नका लागि होइन। यो बुद्धको शिक्षा हो। समाजमा बसेर समाजलाई गतिविहीन बनाउने कुरा उहाँले बताउनुभएन। "अभिक्कम मा निवत्त" अगाडि बढ नरोक। यो उहाँको उद्घोष हो। त्यसैले उहाँले आफूले बनाएको नियम र सिद्धान्त सबै ठाउँमा पालन गर्नुपर्छ नभनी ठाउँ र समय हेरी संशोधन गर्न उचित छ भन्नुभयो। उहाँले आफ्नो महापरिनिर्वाण अर्थात् मृत्यु हुनुअघि भिक्षुहरूलाई बोलाएर भन्नुभयो– "भिक्षुहरू, मैले तिमीहरूलाई जुन साना-साना नियमहरू बनाइदिएको छु पछि



Downloaded from http://dhamma.digital

तिमीहरू सबै मिलेर छलफल गरी सहमत भएअनुसार परिवर्तन गरे पनि हुन्छ ।"

हुन पनि हो व्यवहारमा प्रयोग गर्न नसक्ने नियम राखिछाड्दा काम आउँदैन, त्यसबाट भ्रम मात्र हुन्छ । तर पछि संगायना वा भिक्षुहरूको धर्म सम्मेलन भएको वेला नियम परिवर्तन गर्ने कुरामा धेरैजसो भिक्षुहरू सहमत भएनन्, फलस्वरूप थेरवाद र महासांघिक वा महायान भनी बौद्ध भिक्षुहरू दुई सम्प्रदाय अन्तर्गत देखापरे ।

## १. गौतम बुद्ध कट्टर सिद्धान्तवादी हुनुहुन्नथ्यो

शाक्यमुनि बुद्ध महामानव हुनुहुन्थ्यो । साधारण रूपमा धेरैजसो धर्मावलम्बीहरू कट्टर सिद्धान्तवादी छन् । उनीहरूका लागि सिद्धान्त मान्ने महत्त्वपूर्ण हुन्छ, मानवताको महत्त्व हुँदैन । मतलब मानिस धार्मिक सिद्धान्तका लागि हो । यहाँ धार्मिक भन्नाले साम्प्रदायिक बुझिन्छ । बुद्धले साम्प्रदायिक कुरा मान्नुभएको छैन । सिद्धान्त र विधान वा नियम एक वर्ग र एक समयका लागि तर सदाका लागि उपयोगी हुँदैन । महामानव बुद्धको भनाइअनुसार सिद्धान्त र नियम मानिसका लागि हो । मानिस सिद्धान्त र नियमका लागि होइन । ब्राह्मणको कुलमा जन्मँदैमा ब्राह्मण नै हुनुपर्छ भन्ने केही छैन ।

बुद्धले भन्नुभएको छ– जन्मले कोही ब्राह्मण हुँदैन । जन्मले कोही नीच पनि हुदैन । आ-आफ्नो क्रियाकलापले नै ठूलो र सानो हुने हुन्छ । ब्राह्मणदेखि लिएर पोडेसम्मलाई पनि उहाँले



Downloaded from http://dhamma.digital

आफ्नो भिक्षु संघमा भित्र्याउनुभयो । हाल पनि नेपाली भिक्षु संघमा ब्राह्मण, शाक्य, शेर्पा, थारू, श्रेष्ठ, महर्जन, शाही वा कसाही, सार्की समेत विद्यमान छन् । यसबाट देखिन्छ कि गौतम बुद्धले विधि विधानलाई भन्दा आचरण शुद्धि मानिसलाई मान्यता दिनुभएको थियो । मानिसको हित र भलोका लागि विधान र कानून बनाइन्छ तर हित भएन भने त्यो विधान बदलिदिन्छ । कुनै घटना र कारण नभईकन कानून र नियम बनाइँदैन ।

एकपल्ट गौतम बुद्धका प्रमुख शिष्य सारिपुत्र महास्थवीरले प्रार्थना गर्नुभयो– "भो शास्ता, भिक्षुहरूलाई संयमित गर्न नियम धेरै बनाउनुपर्‍यो ।"

गौतम बुद्धले भन्नुभयो– "घाउ नहुँदै औषधि गर्ने ? घाउ भएमा पो औषधि लगाउने गर्नुपर्छ । त्यसैले घटना नहुँदै पनि यस्तो हुनेछ भनेर नियम बनाउनु हुँदैन । बरु बुद्ध आफैले ठाउँ हेरी समयअनुसार आफूले बनाएको नियम बदल्नुभएको छ । यसबाट के देखिन्छ भने गौतम बुद्ध कट्टर विधि एवं नियमवादी हुनुहुन्न । उहाँ त बहुजनहितवादी हुनुहुन्छ । उहाँ बहुजनहित हुने किसिमले मात्र कुरा र काम गर्नुहुन्छ । यो उहाँको व्यक्तित्वको विशेषता हो । उहाँले सर्वजन हिताय भनी भन्नुभएको छैन । यस्तो हुन पनि सक्दैन ।

## २. बुद्ध बोधवादी हुनुहुन्थ्यो

बुद्धले पहिले कसैलाई नियममा बस्ने कुरा गर्नुभएन, बरु सम्झाउनु र बुझाउनुहुन्थ्यो । बुद्धसँग कुन राम्रो, कुन नराम्रो


Downloaded from http://dhamma.digital

भनी सोधे भने होश राखी बुझी गरेको काम राम्रो र होश नराखी नबुझी वा पूर्वाग्रही भई गरेको काम नराम्रो भन्नुहुन्थ्यो। थाहा नपाई, नबुझी, होश नराखी पुण्य वा धर्म भनी गरे पनि त्यस्तो कुरा पाप हुन सक्छ। परिस्थिति हेरी हरेक कुरा फरक भएर जाने हुन्छ। प्रमादमा नलाग अप्रमादी होऊ अर्थात् लापरबाही नहुनु, होशियारी हुनु बेस। यो बुद्धको अन्तिम उपदेश र शिक्षा हो।

क्रोध भनेको पाप हो कि धर्म भनी सोधेको प्रश्नमा गौतम बुद्ध भन्नुहुन्थ्यो– "होश राखी गरेको क्रोध धर्म हुन्छ, जोशमा होश गुमाई गरेको क्रोध पाप हुन्छ।" यो कुरा बुझाउन जापानको एउटा घटना प्रस्तुत गर्छु– यो घटना मैले 'सत्य की खोज' भन्ने पुस्तकमा पढेको हुँ।

एकजना जापानी धर्मगुरुले आफ्नो शिष्यलाई भनिराखेका थिए- "कसैलाई मार्नुपर्‍यो भने बेहोशमा अर्थात् आवेशमा परेर क्रोध गरेर नमार।"

केही दिनपछि एकजना शत्रुले त्यस धर्मगुरुलाई मारिदियो। आफ्नो गुरुलाई मार्नेलाई मारिदिन्छु भनी तरवारले हान्न लागेको बेला त्यो शत्रुले मुखमा थुकिदियो। तरवार उठाउनेलाई एकदम रिस उठ्यो। अनि उ तरवार भुइँमा राखी सरासर हिँड्यो।

शत्रुले सोध्यो– "तिमी किन मलाई नमारीकन गएको ?"

उनको जवाफ थियो– "तिमीले मेरो मुखमा थुकिदिंदा मलाई एकदम रिस उठ्यो। मैले गुरुले भन्नुभएको कुरा सम्झें


Downloaded from http://dhamma.digital

'कसैलाई मार्नुपरे रिसले होश गुमाएर नमार' मलाई एकदम रिस उठेकाले तिमीलाई नमारेको हुँ ।"

यहाँ रिस उठे पनि होश भएकोले पाप भएन । होश नभएको भए अनि गुरुको शिक्षा बिर्सेको भए त्यसले शत्रुको टाउको तरवारले काटिसक्थे होला ।

कसैले भन्न सक्छ कि क्रोध भनेको कुनै पनि राम्रो छैन तर कहिलेकाहीं बुद्ध पनि रिसाउनुभएको छ। बुद्धलाई रिस उठेको घटना पालि साहित्यमा धेरै ठाउँमा पाइन्छ, तर अरूको भलाइ गर्न र सुधार गर्नलाई मात्र उहाँ रिस उठाउनुहुन्छ। तर, त्यसवेला होश राख्नुहुन्छ । त्यसैले सबैको क्रोधलाई नराम्रो भन्नु हुँदैन होश नभएको रिस मात्र पाप हुन्छ। जस्तै- जोशमा होश उडाएर आँखा नदेख्ने गरी रिसाउनु नराम्रो हो । विवेकी आमाबाबुले आफ्ना बच्चाहरूलाई गाली गर्दा तिनीहरूको भलाइका लागि क्रोध देखाउँछन्। अपवादस्वरूप कोही-कोही अविवेकी आमाबाबुले रिस उठ्दा होश हराई आफ्नो छोराछोरीप्रति अनर्थ गर्ने पनि छन् । त्यस्तै गुरुहरू पनि छन् । अंगुलीमालका गुरुले पनि अविवेकी भएर शिष्यलाई ज्यानमारा बनाइदियो । जे भए पनि आफूलाई बोध भए जस्तै अरूलाई पनि बोध गराउनुपर्छ ।

☆


Downloaded from http://dhamma.digital

# नक्कली देवता

कतिपय पाठकहरूले प्रश्न सोधेका छन्– "के सधैं सबै ठाउँमा सहेरै बस्नुपर्छ भन्ने शिक्षा बुद्ध धर्मले दिन्छ ?"

बुद्धको शिक्षाअनुसार अन्याय सहेर बस्नु झन् अन्याय हुन्छ। सबै ठाउँमा सहेरै बस्नु त झन् धर्म भएन र व्यावहारिक पक्ष पनि भएन। बौद्ध साहित्यमा छलकपट गर्नेलाई छलकपटबाटै जवाफ दिनुपर्छ भनिएको पाइन्छ। उदाहरणार्थ जातक कथामा आधारित एउटा घटना प्रस्तुत गर्छु।

धेरै पहिलेको कुरा हो। वाराणसी देशमा ब्रह्मदत्त राजाको पालामा बोधिसत्व एक व्यापारी कुलमा जन्मे। उनको पण्डित नाम राखियो। जब उनी जवानीको अवस्थामा पुगे; उनले अतिपण्डित नामको साथीसँग मिलेर साझा व्यापार शुरु गरे। यसै क्रममा उनीहरू अलि टाढाको शहरमा गई पैसा कमाएर ल्याए।

अतिपण्डितले जम्मै पैसा आफ्नो हातमा पार्ने योजना बनायो। उसले पण्डित साथीलाई सुझाव दियो- "हाम्रा छिमेकी र नाता कुटुम्बहरू राम्रो नियतका छैनन्। त्यसैले यही जङ्गलको एउटा ठाउँमा धन गाडेर जाउँ न हुन्न ?" पण्डित बोधिसत्व


Downloaded from http://dhamma.digital

सोझो मान्छे; छक्का-पञ्जा केही थाहा नभएको हुँदा साथीको सुझावमा सहमत भए।

केही दिनपछि अतिपण्डितले खुरुक्क गाडिराखेको धन उठाएर ल्यायो। आफ्नो बुबालाई पनि कुरा सिकाइदियो- हामी दुई जनाबीच पैसाको बारेमा झगडा हुनेछ। त्यसपछि हामी दुवै फलाना ठाउँको रूखमा न्यायका लागि प्रार्थना गर्न आउने छौं। अनि बुबाले नक्कली देवता बनी खोक्रो रूखभित्र बसिरहनू। मुद्दा ल्याउँदाखेरि गाडिराखेको धन पण्डितले नै लिएको हो भनिदिनुपर्‍यो।

अतिपण्डितले पण्डितलाई भन्यो– "पैसाको खाँचो छ। जाउँ पैसा लिन।" दुवै गएर खन्न थाले। तर, पैसा त हुने कुरै भएन। अतिपण्डितले उल्टै पण्डितलाई पैसा निकालेर लगेको आरोप लगाइदियो।

पण्डित बोधिसत्वले भने– "नचाहिने झूटो आरोप नलगाऊ। मैले पैसा लिएको छैन।"

चोरको स्वर झन् ठूलो हुन्छ भने जस्तै अतिपण्डित झन् ठूलो स्वरले कराएर झगडा गर्न खोज्यो। अन्त्यमा त्यही नक्कली देवता भएको रूखमुनि दुवै पुगेर अतिपण्डितले हात जोडी आँखा पनि बन्द गरी प्रार्थना गर्न थाल्यो– "हे न्यायप्रेमी वृक्षदेवता! हामी दुईजनामा को चोर हो भनिदिनुपर्‍यो, न्याय दिनुपर्‍यो।"

नक्कली देवताले खूब नरम स्वरले भन्न थाल्यो– "पण्डित नै चोर हो, उसैले पैसा चोरेको हो। आजभोलि त प्रहरीका


Downloaded from http://dhamma.digital

हाकिमहरू नक्कली हुन्छन् भन्ने सुनिन्छ । अहिले चाहिँ देवता पनि नक्कली हुँदा रहेछन् ।

देवताको अन्यायपूर्ण निर्णय सुनेर बोधिसत्व पण्डितले विचार गरे– 'यो पक्कै पनि नक्कली देवता हुनुपर्छ ।' उनले 'देवता नक्कली हो कि सक्कली हो, परीक्षा लिनुपर्‍यो' भनी सुख्खा झारपात र पराल जम्मा गरी रूखमुनि चारैतिर आगो लगाइदियो ।

नक्कली देवतालाई आगोले पोल्न थाल्यो । ज्यान बचाउनका लागि बाहिर निस्केर भन्न थाल्यो– "मेरो छोरा अतिपण्डित नै चोर हो । अनि पण्डित बोधिसत्वले आधाआधी धन बाँडेर लिए ।

यस घटनाबाट के शिक्षा लिनुपर्छ भने बोधिसत्व पण्डितले आफ्नो साथी ठग अतिपण्डितप्रति दया देखाई सहेर बसेनन् । संघर्ष गरेर आफ्नो अधिकारको आधाआधी पैसा लिएरै छाडे । हुनत बोधिसत्वले सहनुपर्ने र त्याग गर्नुपर्ने । त्यसो गरेनन् । हाम्रो देशमा साझा र संस्थानहरूमा पनि इमानदारिता नभएकोले जति आम्दानी भए पनि तिनीहरूमा घाटा मात्र देखाइन्छ । यस्तो कुरा सहेर बस्नु राष्ट्रका लागि हितकर हुँदैन ।

☆


Downloaded from http://dhamma.digital

# बुद्ध र व्यावहारिक धर्म

आजको वैज्ञानिक युगमा हाम्रो धेरै प्रकारका (साम्प्रदायिक) धर्महरू छन् । ती धर्महरूमध्ये बुद्धले प्रचार गर्नुभएको धर्म (बुद्ध शिक्षा) पनि एउटा विशेषता भएको धर्म हो। हुन त गौतम बुद्धले "बुद्ध धर्म" भनेर प्रचार गरेको थिएन। "धम्म" (धर्म) भनेर मात्र शिक्षाको प्रचार गर्नुभएको थियो । गौतम बुद्धको शिक्षाअनुसार धर्मको मतलब सबैले दिलैदेखि सोचेर आ-आफूले गर्नुपर्ने कर्तव्यहरू पूरा गर्नुलाई भनिन्छ । समयमै आफ्ना कर्तव्यहरू पूरा गरिदिन सकेमा शान्ति कायम हुन्छ। असन्तुष्ट र कलह हुँदैन ।

तर पहिलेदेखि आजसम्म पूजा-आजा गर्नलाई मात्र धर्म मान्ने चलन चल्ती छ । पूजा गर्नु त वैदिक आदिकालदेखि चलिआएको धार्मिक परम्परा हो । पूजा गर्दा चित्तले क्षणिक आनन्दको महसुस गर्न सकिन्छ। तर धर्मको सही अर्थ नबुझेमा पूजा कार्य नै अन्धविश्वासमा परिणत हुनेछ ।

पूजाविधिबारे बुद्धको व्यावहारिक पक्ष के हो ? यतातिर पनि एकपटक ध्यान दिउँ । आजको समाजमा धर्मको दुई पक्ष देखिन्छन् । एकथरी समूह पूजा प्रार्थनामा मात्र बढी आस्था


Downloaded from http://dhamma.digital

राख्ने गर्छ । अर्को पक्ष मानिसको आ-आफ्नो व्यवहार, रहन-सहनमा र चालचलनमा सुधार ल्याई आफूभन्दा जेठोलाई मान सम्मान गरीकन जीवन यापन गर्ने, मूर्तिपूजाका लागि भिक्षुहरूले व्यर्थमा समय नफाल्नु भनी गौतम बुद्धले भन्नुभएका कुरा दीघनिकाय अन्तर्गत महापरिनिर्वाण सूत्रमा उल्लेख छ । तर गृहस्थीहरूका लागि दुई प्रकारका पूजा उल्लेख गरिएका छन्–

१. आमिसपूजा (भौतिक पुष्प-धूप आदिले गर्ने पूजा)

२. प्रतिपत्ति पूजा (मान्छेको आ-आफ्नो स्वभाव सदाचार राम्रोपार्ने, फलफूल, धूप, नैवद्य आदि खाद्य पदार्थले पूजा गर्नुलाई अमिस पूजा भनिन्छ । आ-आफ्ना आचरण व्यवहारमा सुधार ल्याउनु र सुधार गर्नु नै प्रतिपत्ति (व्यवहारिक) पूजा हो । सफा सुग्घर गरेर बस्ने पनि प्रतिपत्ति पूजा हो ।

दुई थरी पूजा भन्नु भए तापनि बुद्धले प्रतिपत्ति आचरण शुद्धि पूजालाई नै प्रशंसा गर्नुभएको देखिन्छ । केवल भक्तिभावले मात्र युक्त भई मूर्ति पूजामा लागी व्यवहारमा निस्कृय हुन्छ भने अर्थात् अर्को भाषामा भन्ने हो भने आफूले गर्नुपर्ने काम-काज नगरी अन्धविश्वासमा मात्र लागिरहन्छ भने त्यो केवल देखावटी पूजा र धर्म मात्र हुन जानेछ ।

थेरवाद बुद्ध धर्ममा पूजा गर्दाखेरि बुद्धको गुण स्मरण गर्नु भनेको नै यसलाई मार्ग प्रदर्शक गुरुको रूपमा लिई पूजा गरिन्छ न कि वरदान लिनको निमित्त । गौतम बुद्ध भन्नुहुन्छ–


Downloaded from http://dhamma.digital

"म वरदानबाट टाढा छु। 'तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता' अर्थात् काममा आफैले उत्साह र प्रयत्न गर्नुपर्छ, तथागत त मार्ग प्रदर्शक मात्र हो। त्यस बाटोमा हिँड्न सक्ने व्यक्तिले मात्र आफ्नो लक्ष्य पूरा गर्न सक्नेछ। मैले (बुद्धले) तिमीहरू सबैको मुक्तिको जिम्मा लिन सक्तिन। तिमीहरू आफ्नो ज्योतिमा हिँड्ने गर, 'अत्त दीपो भव, अत्ताहि अत्तनो नाथो' अर्थात् आफ्नो खुट्टामा टेक्ने र आफ्नै भरोसामा रहने प्रयत्न गर। अर्काको भरोसामा नबस। 'अत्तसरणा अनञ्ञसरणा'।

आजको युगमा हामीलाई चाहिने 'प्रतिपत्ति पूजा' आचरण र व्यवहार सुधार गर्नु हो। प्रतिपत्ति पूजाको अर्थ स्पष्ट गर्नलाई एउटा उदाहरण प्रस्तुत गर्दछु। धर्मात्माको तौल बाहिरी पूजा-पाठले मात्र नाप्न सकिँदैन, बल्कि उसको आचरणबाट नै धर्मात्मालाई ठीक तरिकाले चिन्न सकिन्छ।

अनुमान गरौं, एकजना देवभक्ति अथवा पुजारी स्वयम्भू अथवा पशुपतिमा दिनकादिन पूजा गर्न जान्छ। उसको हातमा चोखो पानी र पूजाको सामान रहेछ। पुजारी मन्दिर जाँदै थियो। उताबाट एकजना तिर्खाएको मानिसले पुजारीसित अनुरोध गरेर भन्यो– "दाजु अथवा दिदी! मलाई सारै प्यास लागेको छ, पानी खान दिन सक्नुहुन्छ कि ?"

पुजारीले भन्यो- "यो (नील:) चोखो पानी देवतालाई चढाउन ल्याएको। यो त तिमीलाई दिन सक्तिन।"

बिचरो तिर्खाएको बटुवाले निराश भई आफ्नो पाइला


Downloaded from http://dhamma.digital

अगाडि बढायो । अलि पर पुगेपछि एकजना किसान खेती गर्न कृषि सामान र पानी बोकी आइरहेको थियो । अनि त्यस तिर्खाएको बटुवाले त्यो किसानसित अनुरोध गरे– "दाजु ! पानी अलिकति खान दिन सक्नुहुन्छ ?" त्यो किसानले खुशीसाथ खानुस् भनी पानी दियो । पानी खाइसकेपछि जय होस् किसान दाजु भनी आशीर्वाद दिई बटुवा आफ्नो बाटो लाग्यो ।

अब प्रश्न उठ्छ- दिनकादिन भक्ति र उपासनामा लाग्ने पुजारी धर्मात्मा भनूँ कि तिर्खाएको मानिसलाई पानी दिने किसान ? वास्तमा यहाँ त चोखो पानी लैजाने पुजारीभन्दा प्यास लागेको मानिसलाई पानी खुवाउने ज्यापु नै धर्मात्मा हुन जान्छ । किसानले पानी खुवाएको काम नै प्रतिपत्ति (व्यवहारिक) पूजा हो । कर्तव्य र धर्म हो । प्रस्तुत घटना उदाहरण दिएको धेरै भक्तिमार्गीहरूलाई पच्ने खालको भएन । अब प्रसङ्ग बदलुँ ।

धेरै जनाले सोध्छन् गृहस्थीहरूलाई कस्तो किसिमको धार्मिक बाटो बुद्धले देखाउनुभएको छ र कसरी जीविका चलाउनुपर्छ ?

गोतम बुद्धले राजगृहको श्रृगालपुत्रलाई दिनुभएको उपदेशमा छोटकरीमा भन्नु उपयुक्त ठान्दछु–

एक दिन बिहानै गौतम बुद्ध भिक्षाटनका लागि बाहिर जानुभएको थियो । एकजना श्रृगाल नामक युवक गङ्गा नदीमा नुहाइसकेपछि भिजेको शरीरले पूर्व, दक्षिण, पश्चिम, उत्तर, माथि, तल हेरीकन हात जोडी ६ दशिा नमस्कार गरिरहेको बुद्धले


Downloaded from http://dhamma.digital

देखे । बुद्धले सोध्नुभयो– "तिमीले ६ दिशालाई नमस्कार किन गरेको ?"

उसले भन्यो– "यो त मलाई पनि थाहा छैन । मैले त परम्परादेखि चलिआएको धर्म सम्झेर गरेछु । मेरो पिता मृत्य शय्यामा हुँदाखेरि मलाई यसरी नमस्कार गर्नू भनी भन्नुभएको थियो ।"

बुद्धले भन्नुभयो– "नजानीकन गरिएको पूजाले के लाभ त ?"

श्रृगालपुत्रले भन्यो– "भन्ते ! तपाईंले नै भन्नुस् पूजा केका लागि गरिन्छ र कस्तो किसिमको पूजा गर्नुपर्छ ?"

बुद्धले भन्नुभयो– "त्यसोभए म भन्छु, राम्रोसँग सुन । सबैभन्दा पहिले दिशाको अर्थ सम्झनुपर्छ र बुझ्नुपर्छ । जुन दिशालाई तिमीले पूजा गरिरहेछौ, त्यो साँच्चिको दिशा होइन । पूजा गर्नुपर्ने दिशा त अर्कै छ ।"

"भन्ते ! त्यो कस्तो किसिमको दिशा त ?" श्रृगालले सोध्यो ।

बुद्धले भन्नुभयो– "हे गृहपति पुत्र, आमा-बुबा पूर्व दिशा हो । त्यसैले आमा बुबाको आज्ञाकारी बनी सेवा गर्नु नै पूर्व दिशाको पूजा हुन्छ । राम्रो शिक्षा दिनुहुने गुरु दक्षिण दिशा हो । गुरुको आज्ञाकारी बनी शिक्षित र विनम्र हुनु दक्षिण दिशालाई नमस्कार गर्नु हो । पति-पत्नी पश्चिम दिशा हो । आफ्नी स्वास्नी प्रमुख बालबच्चाहरूको सेवा र देखभार गर्नु पश्चिम दिशालाई


Downloaded from http://dhamma.digital

नमस्कार गर्नु हो। मित्र-साथी उत्तर दिशा हो। मित्रप्रति कर्तव्य पालन गर्नु हो। मालिक र सेवक तल्लो दिशा र श्रमण-भिक्षु-भिक्षुणी माथिल्लो दिशा हो।

यहाँ पूज्य आमा-बुबाप्रति छोराछोरीको कर्तव्य र छोराछोरीप्रति गर्नुपर्ने आमा-बुबाको कर्तव्य पालन गर्नु नै पूजा हो। यस्तै सबै पारिवारिकबीच परस्पर कर्तव्य पालन गर्नु नै सही पूजा हो।"

यति कुरा सुनिसकेपछि श्रृगालपुत्रले भन्यो– "भन्ते ! माता-पिताको पूजा त ठीक छ, तर सेवकको पूजा कसरी गर्ने ? सेवकहरूले त मेरो पूजा गरिरहेका छन्।"

गौतम बुद्धले भन्नुभयो– "पूजाको अर्थ केवल हात जोडी नमस्कार गर्नु मात्र होइन, परस्पर कर्तव्य पालन गर्नु पनि हो। मुख्य पूजा त कर्तव्य पालन गर्नु नै हो।

श्रृगालपुत्र बुद्धको कुरा सुनिसकेपछि बोध भयो र उसको हृदय परिवर्तन भयो।

☆


Downloaded from http://dhamma.digital

# मुदिता चित्त

गौतम बुद्धले देशना गर्नुभएको चारवटा उत्तम श्रेष्ठ गुण धर्महरूलाई चार ब्रह्म विहार भनिन्छ। अर्को भाषामा भन्ने हो भने पवित्र चरित्र भएर जिउनुलाई ब्रह्म विहार भनिन्छ। बुद्धले यी चार गुण धर्महरूलाई आफ्नो व्यवहारमा प्रयोग गर्नुभएकोले नै विश्वले उहाँको महानतालाई आजसम्म पनि कदर गरिरहेको छ। यी गुणहरू यसरी रहेका छन्– मैत्री (मित्रता), करुणा (दया), मुदिता (प्रसन्नता) र उपेक्षा (तटस्थता)।

यहाँ मुदिता गुणको मात्र चर्चा गर्न लागिरहेको छु। अरूले गरेका राम्रो काम देखी आफू प्रसन्न हुने र उसको राम्रो कामलाई प्रशंसा गर्दै आफूले पनि त्यो काम गर्न पाए हुन्थ्यो भन्ने लाग्ने अवस्थाको चित्तलाई मुदिता चित्त भनिन्छ। अर्को शब्दमा भन्ने हो भने अरूको राम्रो कार्यले प्राप्त गरेको सफलता देखी आफू पनि हर्षित हुने अवस्थाको चित्तलाई मुदिता चित्त भनिन्छ भने अरूको सफलता देखी असन्तुष्ट र अप्रसन्नता हुने चित्तलाई ईर्ष्या चित्त भनिन्छ। जसको मन दुष्ट र सङ्कीर्ण हुन्छ, त्यो व्यक्तिले अरूले गरेको राम्रो कार्य देखी ईर्ष्या हुँदै त्यस कार्यलाई असफल पार्ने प्रयत्न समेत गर्न सक्छ। यस्तो चित्तलाई नेवार भाषामा


Downloaded from http://dhamma.digital

'मतिकुद्धा पह:' भनिन्छ। धर्ममा लाग्दालाग्दै पनि यस्तो खराब चित्तले हामीलाई पछ्याइरहेको हुन्छ । उदाहरणका लागि बुद्धकालीन एउटा घटना प्रस्तुत गर्दैछु–

गौतम बुद्ध श्रावस्तीको जेतवन आराममा रहनुभएको थियो । त्यसबेला श्रावस्तीमा पाठिक नाउँ गरेका एकजना आजीवक (त्यागी) थिए । एकजना श्रद्धालु महिलाले उसलाई आफ्नै छोरासमान गरी पालिराखेकी थिइन् अथवा सेवा गरिरहेकी थिइन्। एकपटक त्यस महिलाले बुद्धसमक्ष धर्म कथा सुनिसकेका उपासिकाहरूको तर्फबाट बुद्धको धर्मदिशनाबारे थुप्रै प्रशंसाहरू सुन्ने मौका पाइन्। यी कुरा सुनेदेखि ती महिलालाई बुद्धसमक्ष गई धर्म कथा सुन्ने इच्छा जाग्यो। आफ्ना दाता आमा बुद्धसमक्ष गई धर्म कथा सुन्न लागेको कुरा थाहा पाउने बित्तिकै आजीवकले उनीलाई बुद्धसमक्ष नजानू भनी रोक्न थाल्यो । बारम्बार अनुमति माग्दा पनि उसले जान दिएन । त्यस आजीवकलाई बुद्ध र उहाँको शिक्षाप्रति अलिकति पनि श्रद्धा थिएन ।

आखिरमा त्यस महिलाले पाठिक आजीवकलाई सूचना नै नदिईकन बुद्धलाई आफ्नो घरमा भोजन निमन्त्रणा गरी बुद्धको तर्फबाट धर्मदेशना सुन्ने योजना बनाइन् । उनीले आफ्नो छोरालाई बोलाएर भनिन्– "बाबु, तिमी बुद्धसमक्ष गई फलाना दिनका लागि भोजन निमन्त्रणा गरेर आउनू" भनी पठाइन्। जब त्यो केटो बुद्धलाई भोजन निमन्त्रणा दिने सिलसिलामा गयो, बाटोमा नै उसलाई पाठिक आजीवकले भेटेछ र रहस्य थाहा


Downloaded from http://dhamma.digital

पाउने बित्तिकै उसले छोरोलाई नजानू भनी रोके । तर केटो मानेन। उसले आफ्नी आमाको आज्ञा उल्लंघन गर्न मानेन। केही नलागेपछि आजीवकले केटोलाई भन्यो– "त्यसो भए तिमीले बुद्धलाई भोजन निमन्त्रणा गर्ने बेला हाम्रो घरको ठेगाना दिएर नआउनू। भोजन निमन्त्रणा गर्ने बित्तिकै खुरुक्क फर्किनू। यस्तो गऱ्यो भने बुद्धका लागि भनेर पकाइएका मिष्टान्न भोजनहरू बुद्ध नआएको कारणले हामी दुवैजना मिली मज्जासँग खान पाउने छौं ।"

केटोले पनि पाठिक आजीवकले भने जस्तै बुद्धलाई भोजनको दिन निश्चय गरी निमन्त्रणा गरेर फर्क्यो। तर घरको ठेगाना भने दिएन। जब भोजनको दिन आयो बुद्ध ठीक समयमा नै उपासिकाको घरमा भोजन निमन्त्रणा स्वीकार गर्नुहुँदै आइपुग्नुभयो । भोजनपछि बुद्धले धर्मदेशना पनि गर्नुभयो । बुद्धको धर्मदेशना सुनेर उपासिका अति हर्षित हुँदै साधु ! साधु !! साधु !!! भन्दै हर्ष प्रकट गर्न थालिन्। यसरी उपासिकाले मुदिता चित्त प्रकट गर्दै साधुकार दिएको सुनी ईर्ष्यालु पाठिक आजीवकले सहन सकेन । उ इर्ष्यालु चित्तको वशमा परी दाता आमाको नजिकैको कोठाबाट फुत्त निस्किएर बुद्ध र त्यस उपासिकालाई जथाभावी अपशब्द प्रयोग गर्दै गाली गर्न थाल्यो। यस घटनाले त्यस उपासिकाको मनलाई ज्यादै खिन्न पाऱ्यो। उनीले सोचिन्– 'मेरो कारणले शुद्ध र पवित्र बुद्धले समेत गाली खानुपऱ्यो। धर्म गर्ने इच्छा राख्दाराख्दै पाप आइलाग्यो, म के गरुँ' आदि आदि । त्यस महिलाले आफ्नो मनलाई धैर्य गर्न नसकेको कुरा थाहा


Downloaded from http://dhamma.digital

पाउनुभई उनलाई सान्त्वना दिंदै बुद्धले भन्नुभयो– "उपासिका ! तिमीले आफ्नो चित्तलाई दुःखी नबनाउनू । तिमीले आफ्नो श्रद्धा चित्तले धर्मकथा सुनेको र दान दिएको पुण्य कार्य खेर जाँदैन । पाठिक आजीवकले भनेका कुराहरूमा चित्त नलगाउनू । ती कुराहरूलाई बिर्सन सक्यो भने मात्र तिमीले शान्ति पाउन सक्नेछौ । उसको कुरालाई मनमा राखेर तिमीलाई केही पनि फाइदा हुने छैन ।


*नपरेसं विलोमानि न परेसं कताकतं*
*अत्तनो व अवेक्खेय्य कतानिअकतानिच*

अर्थ– अर्काको दोष नखोज्नू अर्काले के गऱ्यो गरेन भनेर त्यतातिर ध्यान नदिई आफूले के गरें भन्ने विषयमा मात्र ध्यान दिनु बेस हुनेछ ।"

बुद्धको यस उपदेशले त्यस महिलाले मनको घाउलाई मलहम लगाई शीतल बनाए जस्तै आनन्दित बनाइदियो । अनि त्यस महिलाले सोचिन्– 'बुद्ध त साँच्चिकैको ज्ञानी महापुरुष हुनुहुँदो रहेछ । यसरी प्रसन्न मन सहितको मुदिता चित्तलाई कायम गर्दै उनी स्रोतापन्न बन्न सफल भइन् । तर पाठिक आजीवकले भने उसकै ईर्ष्या चित्तको कारणले गर्दा जीवनभर असन्तुष्ट दुःखी भई जीवन बिताउनु पऱ्यो ।

☆


Downloaded from http://dhamma.digital




Downloaded from http://dhamma.digital